# चन्द्रकोट गाउँपालिका, शान्तिपुर, गुल्मीको दशौं गाउँसभाको प्रतिवेदन एवम्
# चन्द्रकोट गाउँपालिका, गुल्मीको पाँच वर्ष (२०७४-०७८)

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
शान्तिपुर, गुल्मी
माघ, २०७८

# विषयसूची

## भाग-एक

### प्रारम्भिक


१.१ पृष्ठभूमि.......................................................१

१.२ चन्द्रकोट गाउँपालिकाको परिचय.......................................................१

१.३ प्रतिवेदनको उद्देश्य.......................................................२


## भाग-दुई

### दशौं गाउँ सभाका मुख्य क्रियाकलापहरु


२.१ पहिलो बैठक मिति २०७८/९/२६ .......................................................३

२.२ दोश्रो बैठक मिति २०७८/१०/४.......................................................१२

२.३ पूर्वाधार विकास समितिको प्रतिवेदन.......................................................१२

२.४ आर्थिक विकास समितिको प्रतिवेदन.......................................................१८

२.५ सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन.......................................................२८

२.६ सामाजिक विकास समितिको प्रतिवेदन.......................................................३६

२.७ भूमि व्यवस्था, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन.......................................................४२

२.७ विधायन समितिको प्रतिवेदन.......................................................४५

२.८ दशौं गाउँ सभाको दोश्रो बैठकका निर्णयहरु.......................................................५६

२.९ दशौं गाउँ सभाको दोश्रो बैठकबाट संशोधन भएका योजनाहरु.......................................................५७


## भाग-तीन

### निष्कर्ष


३.१ निष्कर्ष.......................................................७०

# भाग-एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपाली जनताहरुको पटक-पटकको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको फलस्वरुप लोमो समय देखि चलिआएको केन्द्रीकृत एकात्मक शासन व्यवस्थालाई अन्त्य गर्दै २०७२ साल असोज ३ गते संविधान सभाबाट जारी नेपालको संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रुपान्तरण गरेको छ। उक्त संविधानको धारा ५६ मा राज्यको संरचना अन्तर्गत सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनी उल्लेख भए बमोजिम हाल नेपालमा सङ्घीय सरकार, प्रदेश सरकार सात वटा र ७५३ वटा स्थानीय सरकार गरी जम्मा ७६१ वटा सरकारबाट राज्य शक्तिको शासकीय अभ्यास भैरहेको छ।

संविधानको धारा २२२ मा गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष, निर्वाचित वडा सदस्य र अल्पसंख्यक वा दलित समुदायबाट निर्वाचित २ जना सदस्य सभा सदस्य रहने गरी एक गाउँ सभा रहने व्यवस्था गरेको छ भने स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा सभा (नगर वा गाउँ) को बैठक सामान्यतया वर्षको दुईपटक वस्नेछ भनी उल्लेख छ। सोही बमोजिम चन्द्रकोट गाउँपालिकाले आफ्नो दशौं गाउँ सभा (२०७८) मिति २०७८ साल पौष २६ गते शुरु गरी माघ ४ गते सम्पन्न गरेको छ। उक्त सभाको बैठकमा चन्द्रकोट गाउँपालिका, गुल्मीले हालसम्म सम्पादन गरेका क्रियाकलापहरुको समिक्षा समेत गरिएको थियो। सोही सभामा भएका क्रियाकलापहरुलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ। जसले चन्द्रकोट गाउँपालिका, गुल्मीले पाचँ वर्षमा (२०७४ देखि ०७८) सम्म सम्पादन गरेका कार्यको संक्षिप्त प्रगतिलाई समेटिएको छ।

## १.२ चन्द्रकोट गाउँपालिकाको परिचय

चन्द्रकोट गाउँपालिका ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय तह हो। भौगोलीक अवस्थितिले २८°०६'३६.४" उत्तरी अक्षांश र ८३°२४'५१.३" पूर्वी देशान्तरमा अवस्थित चन्द्रकोट गाउँपालिका गुल्मी जिल्लाको उत्तर-पूर्वमा अवस्थित छ। जसको पूर्वमा गुल्मी जिल्लाको कालिगण्डकी र सत्यवति गाउँपालिका, पश्चिममा गुल्मी जिल्लाकै मुसिकोट नगरपालिका, उत्तरमा बागलुङ्ग जिल्लाको बरेङ्ग गाउँपालिका र दक्षिणमा गुल्मी जिल्लाको छत्रकोट र सत्यवती गाउँपालिका छन। यो गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग किलोमिटर छ। जुन साविकका ८ वटा गाउँ विकास समितिहरु दिव्रुङ, विशुखर्क, हर्राचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रुपाकोट र तुराङ्ग मिलि बनेको हो। सोही बमोजिम ८ वटा वडाहरु मौजुदा छन्, भने गाउँपालिकामा नेपाली काँग्रेसको नेतृत्वमा न.क.पा.एमाले र ने.क.पा. माओवादी (केन्द्र) को प्रतिनिधित्व छ।

यस गाउँपालिकामा २१८२७ (२०६८ को जनगणना अनुसार) जनसंख्या रहेकोमा मुख्यतया ब्राहमण, क्षेत्री, मगर, नेवार, गुरुङ, विश्वकर्मा र कुमाल लगायतका जातजातीको वसोवास रहेको छ। प्रशिद्ध चन्द्रकोट, दिव्रुङ्ग, चक्रेश्वर जस्ता एतिहासिक एवम् धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरना साथ साथै थुप्रै नदीनाला, वनजंगल, प्राकृतिक सम्पदा, हुग्दी खोला हाइड्रोपावर विकासका परियोजना जस्ता सौन्दर्यले भरपूर्ण, पर्यटकीय विकासको अथाहा सम्भावना रहेको छ। यस गाउँपालिकाको नामकरण प्रशिद्ध एतिहासिक स्थल चन्द्रकोटको नामबाट गरिएकोए हो। यहाँ बसोबास गर्ने समुदायको मुख्य आम्दानीको स्रोतहरु कृषि, पशुपालन, बैदेसिक रोजगार र व्यापार रहेको पाईन्छ।

## १.३ प्रतिवेदनको उद्देश्य

प्रतिवेदन सम्पादन भएको कार्यको अभिलेख हो। कुनै पनि कार्य सम्पन्न पश्चात के कस्ता कार्यहरु भए, जसलाई प्रतिवेदनले प्रतिविम्वित गर्ने गर्दछ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्पष्ट रुपमा सभाको सचिवको रुपमा प्रमुख प्रशासकीय अधिकृतले कार्य गर्नेछ भनी उल्लेख गरेको छ। चन्द्रकोट गाउँपालिकाको दशौं गाउँ सभामा सम्पन्न भएका कार्यहरुलाई अभिलेखिकरण गर्ने र त्यसको वारेमा सरोकारवालालाई सुसूचित गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ।

## भाग-दुई
## दशौं गाउँ सभाका मुख्य क्रियाकलापहरु

### २.१ पहिलो बैठक मिति २०७८/९/२६

मिति २०७८ साल पौष २६ गते चन्द्रकोट गाउँपालिकाको बहुउद्देश्यीय सभाहलको उद्‍घाटन पश्चात अपराहृन ४:०० बजे सोही सभाहलमा राष्ट्रिय गान सहित शुरु भएको गाउँ सभामा सर्वप्रथम गाउँपालिकाको आ.व. २०७८/७९ को पौष २५ सम्मको कार्यप्रगतिको समिक्षा भएको थियो। कार्यप्रगतिको प्रतिवेदन सभाध्यक्ष श्री द्रोण बहादुर खत्री ज्यूको अनुमतिमा सभा उपाध्यक्ष श्री राधिका अर्याल ज्यूले प्रस्तुत गर्नुभएको थियो। प्रतिवेदन प्रस्तुत पश्चात प्रतिवेदन पारीतका लागि निर्णयार्थ पेश भएकोमा सर्वसहमतिले प्रतिवेदन पारीत भएको थियो। प्रतिवेदनको विस्तृत विवरण यसप्रकार उल्लेख गरिएको छ।

**गाउँपालिकाको दशौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष राधिका अर्यालज्यू द्वारा सभा समक्ष पेश भएको २०७८ श्रावण १ गते देखी २०७८ पौष २५ गते सम्मको समग्र कार्यप्रगति प्रतिवेदन**

आदरणीय सभाध्यक्ष ज्यू,
सभाका सदस्यहरु
तथा सचिव ज्यू
संघीयता कार्यान्वनसँगै स्थापना भएको यस चन्द्रकोट गाउँपालिकाको गाउँ सभाको दशौं अधिवेशनमा उपस्थित भई आफ्ना भनाईहरु राख्न पाउँदा मलाई अत्यन्त गौरव र हर्ष महसुस भएको छ । सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान सहिदहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाईते तथा अपाङ्गहरुप्रति सम्मान प्रकट गर्दछु।

आज हामी चन्द्रकोट गाउँपालिकाको नबौं गाउ सभाबाट पारित नीति, कार्यक्रम र बजेटको बारेमा समिक्षा गर्दै विभिन्न योजना तथा बजेटको यस सभाद्वारा संशोधन गर्दै चालु आ.व. का योजनाहरु यथा समयमानै सम्पन्न गर्ने दृढ अठोटका साथ् अघि बढेका छौं ।अब म २०७८ श्रावण १ गते देखि २०७८ पौष २५ गते सम्मको यस गाउँपालिकामा भएका आम्दानी तथा खर्च सहितका गतिविधिहरुको संक्षिप्त झलक निम्नानुसार प्रस्तुत गर्दछु :-

१) चन्द्रकोट गाउँपालिकाको आ.व. २०७८/०७९ को आर्थिक ऐन तथा विनियोजन ऐन पारित गरी सोहि अनुरुप कार्यान्वनमा ल्याइएको ।

२) चन्द्रकोट गाउँपालिकाको स्थानीय दररेट चन्द्रकोट गाउँपालिका भित्र चालु आ.व. मा संचालन हुने विभिन्न योजना तथा आयोजना संचालनका लागि गाउँपालिकाको आफ्नो स्थानीय दररेट निर्धारण गरी गाउँ कार्यपालिकाबाट पारित गराई कार्यन्वनमा ल्याईएको।

३) चालु आर्थिक बर्षमा गाउँपालिकाको मुख्य प्रशासनीक भवनको सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार निर्माण व्यवसायीसँग संझौता ठेक्का प्रकृया मार्फत काम अघि बढाईएको।

४) गत आर्थिक वर्षमा प्रदेश सरकारसँग समन्वय मार्फत बहुउद्देश्यीय सभाहल निर्माणको लागि आवश्यक अख्तियारी प्राप्त गरी टेण्डर प्रकृया मार्फत निर्माण सुरु गरी चालु आवको पहिलो ६ महिनामा कार्य सम्पन्न गरिएको।

५) नेपाल सरकारको स्वास्थ्य नीति अनुरुप गत आ.व मा ठेक्का यस गाउँपालिकामा रहेको शान्तिपुर स्वास्थ्यचौकीको स्तरोन्नति गरी १५ शैयाको सुविधासम्पन्न अस्पताल निर्माण कार्यलाई निरन्तरता दिईएको साथै उक्त अस्पताल निर्माणको क्रममा गुणस्तर नियन्त्रण तथा सुपरिवेक्षणको लागि १ जना ईन्जिनियर नियुक्त गरी जिम्मेवारी दिईएको।

६) संघीय विशेष कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको वडा नं. ७ मा निर्माण भैरहेको रुपाकोट स्वास्थ्यचौकीको निर्माण प्रकृया अन्तिम चरणमा रहेको।

७) गाउँपालिका लगायत मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्था र निर्माणाधिन १५ शैयाको शान्तिपुर अस्पतालको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) सम्पन्न गरी त्यहाँ रहने कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको दरवन्दी एकिन तथा उनीहरुको कार्य जिम्मेवारी बारे यकिन गरिएको।

८) गत आ.व.बाट दायित्व सारी चालु आ.व. मा पूरा गर्ने गरी गाउँपालिकाको भिलेज प्रोफाईल निर्माण गर्ने कार्य सम्पन्न गरिएको।

९) यस गाउँपालिकामा संचालन हुने सम्पूर्ण विकास लगायतका योजनाहरुको आगामी ५ बर्षको लागि तयार गर्न लागिएको आवधिक योजना निर्माणको चरणमा रहेको।

१०) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (MTEF) तथा विपद् प्रतिकार्य योजना निर्माणको लागि सेवा परामर्श खरिद मार्फत कार्य प्रारम्भ गरिएको।

११) औषधि खरिदलाई पारदर्शी बनाउन तथा समयमानै औषधि आपूर्ति गर्नको लागि एक चरणको टेण्डर प्रक्रिया सम्पन्न गरिएको ।

१२) भौगोलिक विकटता साथै यातायातका साधन तथा समयलाई मध्यनजर गरी प्रत्येक वडा कार्यालयबाटनै वडा स्तरीय योजनाहरुको सम्झौता गर्ने कार्य पहिलो चरणमा सम्पन्न गरिएको ।

१३) पौष २५ गतेसम्म करिब ४८ % योजनाको योजना सम्झौता सम्पन्न भएको छ जसमा विकास योजना मात्र करिव ६८ प्रतिशत सम्झौता गरिएको छ। साथै चालु आ.व का १५ तथा अघिल्लो आ.व. का ४ वटा योजना सहित जम्मा १९ वटा योजनाहरु सम्पन्न भै रकम भुक्तानी गरिएको ।

१४) खरिद प्रकृयालाई थप पारदर्शी र वस्तुनिष्ठ बनाउदै देहायका योजनाहरुको ठेक्का प्रकृया सम्पन्न गरिएको ।

- दिब्रुङ्ग स्वास्थ्य चौकी भवन निर्माण को लागि जग्गा प्राप्तीको प्रकृया अन्तिम चरणमा पुगेको।
- प्रदेश सरकारसँगको लागत साझेदारी लगायतमा संचालन हुने विभिन्न योजनाहरुको ठेक्का प्रकृया सम्पन्न भएको। जसमा खरिद ८ वटा विक्रि ३ गरी जम्मा ११ वटा।
- वडा नं. ७ र ८ मा पर्ने वडिगाड खोलाबाट निस्कासन हुने नदिजन्य पदार्थको उत्खनन् र विक्रि सम्बन्धी रु २६ लाख ९३ हजार ९ सय २० (भ्याट सहित) तथा वडा नं. २ मा रहेको खहरेखोलाको गिट्टी वालुवा विक्रिको लागि रु ८ लाख ४६ हजार ६ सय (भ्याट सहित) ठेक्कामा लगाईएको।

१५) विभिन्न दिवशहरु मनाउने कार्यक्रम अन्तरगत लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान वडा वडामा संचालन भई अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको।

१६) गाउँपालिका स्तरीय तटबन्ध योजना अन्तर्गत बोटेगाउँ तटबन्धको काम सम्पन्न गर्न भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पासँगको लागत साझेदारीमा योजना संझौता भै कार्य सम्पन्न।

१७) नेपाल सरकारको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका ५१ जना स्वास्थ्यकर्मीहरुलाई बहुक्षेत्रीय पोषण सम्बन्धी ७ दिने तालिम कार्यक्रम सम्पन्न गरिएको।

१८) स्थानीय पाठ्यक्रम निर्माणको लागि मस्यौदा लेखन कार्य प्रक्रिया अगाडि बढाइएको।

१९) गाउँपालिकाका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पहिचान तथा एकरुपताका लागि शिक्षक कर्मचारी परिचय पत्र बनाउने कार्य अगाडि बढाइएको।

२०) गाउँपालिकाको समन्वयमा गाउँपालिका स्तरीय अर्धवार्षिक परीक्षा (कक्षा १-१०) संचालन गरिएको।

२१) न्यून पारिश्रमिक भएका बालविकास सहजकर्ता, केजी शिक्षक, विद्यालय सहयोगी तथा विद्यालय सहायक कर्मचारीलाई गाउँपालिकाबाट समेत थप पारिश्रमिकको व्यवस्था गरिएको।

२२) मुलुकको समग्र शैक्षिक क्षेत्रमा शिक्षण पेशाका माध्यमबाट योगदान दिई चन्द्रकोट गाउँपालिकाअन्तर्गतका विद्यालयबाट मिति २०७३ फागुन २७ गतेपछि अवकास प्राप्त शिक्षकहरुलाई शिक्षण पेशामा दिएको योगदानको उच्च कदर गर्दै सम्मानित गरिएको।

२३)कोभिड १९ को कारण विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय संचालन नभएको अवस्थामा अनलाइन एवम् अफलाइनका विभिन्न माध्यमहरु तथा सियुजीमार्फत शिक्षण सिकाइका लागि सहजीकरण गरिएको।

२४)गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको आ .व. २०७७७/८ को सम्पत्ति विवरण ,कार्य सम्पादन मूल्यांकन ,तलवी प्रतिवेदन ,लेखापरीक्षक छनोट जस्ता नियमित प्रशासनिक कार्यहरु सम्पन्न गरिएको।

२५)विभिन्न समयमा प्राकृतिक प्रकोपबाट पिडित २६ जना नागरीकहरुलाई मनसुन जन्य विपद् कार्यक्रमभित्र समावेश गराई पुनर्स्थापना तथा पूनर्निर्माण प्रकृयाको माध्यमबाट संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी स्थानीय तह मार्फत व्यवस्थापनको प्रकृया अगाडी वढाईएको।

२६)संघीय सरकारको सुरक्षित आवास कार्यक्रम अन्तर्गत छनौट भएका १६१ घरपरिवार मध्ये गत आ.व. मा पहिलो किस्ता रकम प्राप्त गरेका ७१ लाभग्राहीलाई अन्तिम किस्ता रकम भुक्तानी गरिएको साथै अन्य बाँकी लाभग्राहीलाई कार्य सम्पन्न प्रतिवेदनको आधारमा राहत प्रदान गर्ने योजना रहेको।

२७)संघीय सरकाबाट शशर्त शीर्षकको रकम तथा गाउँपालिकाबाट औषधि खरिद शीर्षकमा विनियोजित बजेटबाट औषधि खरिद प्रकृयाका लागि टेण्डर आह्वान गरी आवश्यक प्रकृया पुरा गरी विभिन्न औषधि आपूर्ति प्रकृयाको अन्तिम चरणमा रहेको।

२८)गाउँपालिकामा गठन भएको गम्भिररोग प्रकृतिको विरामीहरुलाई सिफारिस तथा सहयोग समितिको बैठकबाट १६ जनालाई सिफारिस तथा आर्थिक सहयोग प्रदान गरिएको।

२९)गाउँपालिकालाई आवश्यक विभिन्न कार्यविधिहरु गाउँकार्यपालिकाबाट पारित गरी कार्यान्वयनमा ल्याईएको।

३०)गत आर्थिक वर्ष २०७७/०७८ को आन्तरिक लेखापरिक्षण कार्यक्रम सम्पन्न भई प्रतिवेदन समेत पेश भएको।

३१)महालेखा परीक्षकले औंल्याएका विभिन्न शीर्षकका बेरुजु रकमहरुको सम्परिक्षणको लागि आवश्यक प्रमाणहरु जुटाई यसैबर्ष मात्र रु १ करोड ४० लाख ४२ हजार बेरुजु फस्यौंट गरिएको।

३२)वित्तिय क्षेत्रतर्फ हाल सम्म चालु तर्फको बजेटबाट २१.३५ प्रतिशत तथा पूँजीगत तर्फ ८.०३ प्रतिशत रकम खर्च भएको। जसको क्षेत्रगत खर्च विवरण यसप्रकार रहेको छ।

**विवरण**

| क्र. सं. | क्षेत्र | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २ करोड ७१ लाख ७० हजार | १५ लाख ९८ हजार ६ सय उनानअसी | ५.८८ |
| २ | सामाजिक विकास | २० करोड ८४ लाख ३८ हजार ५ सय | ३ करोड ५९ लाख ३८ हजार १ सय ८४ रुपैया | १७.२३ |
| ३ | पूर्वाधार विकास | ७ करोड ८ लाख २८ हजार | ५७ लाख ५९ हजार १ सय १९ | ७.९९ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र | १ करोड ४३ लाख १६ हजार | १५ लाख १८ हजार ७ सय ६० | ७.१९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनीक क्षेत्र | ५ करोड ४३ लाख ९९ हजार ९ सय चौवन्न | ४ करोड १९ लाख ९१ हजार ४ सय ६८ | २७.२० |
| ६ | जम्मा | ४७ करोड ५१ लाख ५२ हजार ४ सय ५४ | ८ करोड ६७ लाख ६७ हजार २ सय ११ | १७.९७ |

गाउँपालिकाको हाल सम्मको संचित कोषको अवस्था देहाय अनुसार रहेको

**देहायः**

| तह | विवरण | बजेट | आम्दानी अहिलेसम्म | बाँकी रकम |
|---|---|---|---|---|
| [illegible] | समानीकरण अनुदान | ९ करोड ९४ लाख | २ करोड ४८ लाख ५० हजार | ७ करोड ४५ लाख ५० हजार |

| | | | | |
|---|---|---|---|---|
| | शशर्त अनुदान | २२ करोड ३६ लाख १० हजार | ६ करोड ७९ लाख ६८ हजार | १५ करोड ५६ लाख ४२ हजार |
| | विशेष अनुदान | १ करोड ४ लाख | ० | १ करोड ४ लाख |
| | राजश्व बाँडफाँड | ६ करोड ९८ लाख ३३ हजार | २ करोड ७५ लाख ६९ हजार ७ सय ४५ | ४ करोड २२ लाख ३६ हजार २५५ |
| प्रदेश सरकार | समानीकरण अनुदान | ४६ लाख ४४ हजार | २३ लाख २२ हजार | २३ लाख २२ हजार |
| | शशर्त अनुदान | ८५ लाख ४४ हजार | २१ लाख ३६ हजार | ६४ लाख ८ हजार |
| | विशेष अनुदान | ६० लाख | १५ लाख | ४५ लाख |
| | समपुरक अनुदान | १ करोड ५० लाख | ३५ लाख ५० हजार | १ करोड १२ लाख ५० हजार |
| | राजश्व बाँडफाँड | ८२ लाख २० हजार २ सय ८१ | ३६ लाख ७४हजार २८७ | ४५लाख ४५हजार ९९३ |
| गा.पा | अल्या रकम | २ करोड ३७ लाख ११ हजार १ सय ७३ | २ करोड ३७ लाख ११ हजार १ सय ७३ | ० |
| | आन्तरिक श्रोत | ८८ लाख | १२ लाख ७२ हजार १ सय १९ | ७५ लाख २७ हजार ८८१ |
| जम्मा | | **४७ करोड ८१ लाख ६२ हजार ४५४** | **१५ करोड ८७ लाख ५३ हजार ३२३** | **३० करोड ९० लाख ९ हजार १३०** |

३३) पशुपंक्षीको लागि खोप खरिद गरी सेवा प्रवाह गरिएको।

३४) नयाँ तथा पुराना विभिन्न पकेट विकास कार्यक्रम (कफी, बाख्रा ) अन्तर्गत संचालन हुने कामका लागि प्रस्ताव आह्वान गरी अघि बढाईएको।

३५) गत बर्ष देखि सुरु भएको स्मार्ट कृषि कार्यक्रमलाई निरन्तरता दिईएको।

३६) वडागत रुपमा संचालन हुनेगरी स्वीकृत भकारो सुधार तथा टनेल वितरण कार्यक्रमको लागि प्रस्ताव आह्वान गरी काम थालनी गरिएको।

३७) ८ वटै वडाका बेरोजगार व्यक्तिहरुको आवेदन फारम संकलन गरी ६१२ जना आवेदकहरुलाई बेरोजगार सुचिमा सुचिकृत प्रणाली (EMIS) प्रणालीमा प्रविष्ट गरिएको।

३८) प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता अन्तर्गत जेष्ठ नागरीक भत्ता (७० वर्ष माथी ) जेष्ठ नागरीक भत्ता दलित, एकल/विधुवा महिला , अपाङ्ग (क र ख वर्ग) दलित बालवालीका आर्थिक सहायता गरी जम्मा २९४९ जना लाई २,५४,१४,५४५ (अक्षरुपि दुई करोड चौवन्न लाख चौध हजार पाँचसय पौँतालीस) वितरण गरिएको।

३९) व्यक्तिगत घटना दर्ता लाई प्रविधिमैत्री बनाउन वडा नं. ४ र ८ बाट अनलाईन प्रविधिमा आधारित व्यक्तिगत घटना दर्ता कार्यक्रम संचालनमा ल्याईएको र आगामी १ महिना भित्र सबै वडामा अनलाईनमा आधारित व्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन गरीने।

४०) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुको नविकरण फारम सङ्कलन गरी लाभग्राहीहरुको नामावली अध्यावधिक गरिएको।

४१)चालु आर्थिक बर्षमा नेपाल दुरसंचार प्राधिकरणको सहकार्यमा गाउँपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुमा बैकल्पिक ईन्टरनेट जडान कार्य सम्पन्न भएको।

४२)लघु उद्दम कार्यक्रम (मेड्पा) कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा सीपमूलक तालिम सम्पन्न गरिएको तथा कतिपय वडामा कार्यक्रम संचालनकै क्रममा रहेको।

४३)जिल्ला निर्वाचन कार्यालयको सहकार्यमा गाउँपालिकाको मुख्य केन्द्रबाट १० दिने मतदाता नामावली संकलन कार्यक्रम सम्पन्न गरेको।

४४)अपाङ्गता भएका व्यक्तिहरुलाई वडा वडामा गई अपाङ्गता परिचयपत्र वितरण गरिएको।

४५)एकल महिलाहरुलाई महिला संजालमा आवद्द गर्ने उद्देश्यले एकल महिला संजाल गठन तथा संचालन कार्यविधि पारित गरी विभिन्न वडाहरुमा वडास्तरिय एकल महिला संजाल गठन गरिएको।

४६)संघीय विशेष तथा समपूरक कार्यक्रमको लागि योजना माग भएअनुरुप योजना छनौट गरी सम्बन्धित निकायमा पेश गरिएको।

४७)आन्तरिक पर्यटन प्रबर्धनका लागि जनप्रतिनिधि तथा कर्मचारी भ्रमण कार्यक्रम अन्तर्गत गाउँसभाका सदस्यज्यू हरुलाई विभिन्न स्थानीय तह साथै पर्यटकीय स्थलहरुलको भ्रमण गराईएको।

अन्त्यमा यस चन्द्रकोट गाउँपालिकाको विकास र संबृद्दि तथा भ्रष्टाचारमा शुन्य सहनशिलता शुसासनको प्रतिवद्दताको नारालाई व्यवहारत कार्यान्वयन गर्न र जनताको नजिकको सरकारको प्रत्याभूती दिलाउनको लागि खटिनुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु तथा गाउँसभाका सम्पूर्ण सहकर्मी साथीहरु साथै यस गाउँकार्यपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुको निरन्तर सहयोग र सद्भभाव रहेको व्यहोरा अवगत गराउँदै आजको यस गरीमामय दशौं गाउँसभामा उपस्थित सवैलाई धन्यवाद ज्ञापन गर्दछु।

राधिका अर्याल

उपाध्यक्ष

चन्द्रकोट गाउँपालिका गुल्मी

मितिः २०७८ पौष २६ गते सोमवार

दशौं गाउँ सभाको पहिलो बैठकमा दोश्रो प्रस्तावको रुपमा गाउँपालिकाको कार्यालय संगठन तथा व्यवस्थापन (Organization & Management) प्रतिवेदन सभाध्यक्षको अनुमतिमा सभा सचिव मार्फत पेश भएको प्रस्ताव निर्णयार्थ पेश भएकोमा सर्वसहमतिले पारीत भएको थियो। दशौं गाउँ सभामा भएका निर्णयहरुको वेहोरा यसप्रकार उल्लेख गरिएको छ।

**<u>दशौं गाउँसभाको पहिलो बैठक मिति २०७८/९/२६ को निर्णयहरु</u>**

प्रस्ताव नं. १: चन्द्रकोट गाउँपालिका, गुल्मीको आ.व. २०७८/७९ (२०७८ श्रावण १ देखि पौष २५ गते सम्मको) कार्य सम्पादन प्रतिवेदन सम्बन्धमा।

निर्णय नं. १: प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका, गुल्मीको आ.व. २०७८/७९ (२०७८ श्रावण १ देखि पौष २५ गते सम्मको) कार्यसम्पादन प्रतिवेदन सभा अध्यक्षको अनुरोधमा सभा उपाध्यक्षबाट बैठकमा पेश भयो। सो प्रतिवेदन सम्बन्धमा चन्द्रकोट गाउँ कार्यपालिकाबाट यस सभाको वैठकमा निर्णयार्थ पेश भएकोमा सर्वसम्मतले पास गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. २: चन्द्रकोट गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदन सम्बन्धमा।

निर्णय नं. २: प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाबाट तयार गरी गाउँ कार्यपालिकाबाट यस सभाको बैठकमा निर्णयार्थ पेश भएको गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदन सर्वसम्मतले पास गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ३: चन्द्रकोट गाउँपालिकाको १५ शैंयाको अस्पतालको भेरियसन सम्बन्धमा।

निर्णय नं. ३: प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकामा निर्माणधिन १५ शैंया अस्पताल निर्माणका क्रममा उपयुक्त Soil प्राप्त नभएको भनी निर्माण व्यवसायीबाट निवेदन प्राप्त भएको विषयमा छलफल गर्दा उक्त अस्पतालको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कन्सल्टेन्सीलाई पत्राचार गरी आवश्यक प्रतिवेदन लिई सोही बमोजिम भेरिएशनको कार्य गर्ने गरी कार्यपालिकालाई अनुमति दिने निर्णय गरीयो।

प्रस्ताव नं. ४: चन्द्रकोट गाउँपालिकाको दशौं गाउँसभाको दोश्रो बैठक सम्बन्धमा।

निर्णय नं. ४: प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकाको दशौं गाउँसभाको दोश्रो बैठक मिति २०७८ साल माघ ४ गते विहान ११:०० बजे वस्ने गरी दशौं गाउँसभाको पहिलो बैठक समापन गर्ने निर्णय गरीयो।

## २.२ दोश्रो बैठक मिति २०७८/१०/४

दशौं गाउँसभाको दोश्रो बैठक २०७८ साल माघ ४ गते गाउँपालिकाको बहुउद्देश्य सभाहलमा विहान ११:०० बजे राष्ट्रिय गान संगै शुरु भएको थियो। उक्त बैठकमा सर्वप्रथम विषयगत समितिबाट गाउँपालिकामा हालसम्म सम्पादन भएका क्रियाकलापहरुको प्रतिवेदन विषयगत समितका संयोजक र सदस्य मार्फत सभाको बैठकमा प्रस्तुत भएका थिए। प्रस्तुत भएका विषयगत समितिकाको प्रतिवेदनहरु यसप्रकार उल्लेख गरिएको छ।

## २.३ पूर्वाधार विकास समितिको प्रतिवेदन

सभाध्यक्ष ज्यू

सभा सदस्यज्यूहरु

सभा सचिव ज्यू

तथा कर्मचारी वर्गहरु

चन्द्रकोट गाउँपालिका गुल्मीको समग्र पूर्वाधार विकासलाई थप परिणाममुखी बनाउन तथा आर्थिक पारदर्शीता कायम गरी सुशासनको प्रत्याभूति दिलाउदै सार्वजनिक सेवा प्रवाहमा पूर्वाधार विकासको क्षेत्रलाई थप क्रियाशील तुल्याउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँसभाले नियमावली बनाई आफ्नो कार्यप्रणाली व्यावास्थित गर्न कुनै सदस्यको संयोजकत्वमा विभिन्न बिषयगत समितिको गठन गर्न सक्ने प्रावधान अनुरुपयस गाउँपालिकामा पनि एक पूर्वाधार विकास समिति गठन भई चन्द्रकोट गाउँपालिका गुल्मीको स्थापना २०७३ फाल्गुन २७ गते पश्यात हालसम्म भएको बिभिन्न गतिविधिको तथ्य प्रमाण आधारमा पूर्वाधार विकास समितिको यो प्रतिवेदन पेश गर्न चाहन्छु |

**सबल पक्ष**

प्रसिद्ध चन्द्रकोट, दिब्रुंग, चक्रेश्वोर, रुपाकोट सिद्धार्थान जस्ता ऐतिहासिक एवम् धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरनाका साथसाथै थुप्रै नदीनाला, बनजंगल, हुग्दीखोला हाइड्रोपावर बिकासका परियोजना जस्ता भरिपुर्ण चन्द्रकोट गाउँपालिकामा पर्यटकीय बिकासको सम्भावना छ| चोरकाटे शान्तिपुर सडक, पुर्तिघाट ग्वाघा शान्तिपुर इन्द्रेगौंडा, गौडाकोट मजुवा गेखुंग शान्तिपुर फोक्सिंग, रुद्रबेनी - वामीटक्सार, शान्तिपुर हर्राचौर ओलिबांग सिन्धुरघसे जस्ता मुख्य सडक संजाल सहितको यातायात सुबिधा यस गाउँपालिकाको आर्को महत्वपुर्ण सबल पक्ष हो| स्थानीय तहको परिकल्पना पश्यात गाउँपालिकाको पूर्वाधार बिकासको हिसाबले जनतासंग निकट रही विभिन्न योजनामा कामकाज गर्न सरकारको रुपमा स्थापित भई स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र पूर्वाधार विकासको

व्यवस्थालाई प्रभावकारी बनाउन र जनपक्षीय काम गर्दै प्रभावकारी संस्थागत विकास गर्नका लागि यस समितिको माध्यमबाट मार्गदर्शनप्रदान भैरहेको अवस्था छ ।

**कमजोर पक्ष**

यस चन्द्रकोट गाउँपालिकामा दिगो बिकासमा आधारित गुरु योजनाको अभाव छ । यस गाउँपालिकामा योजना तथा कार्यक्रम हरु हाल सम्म  बिषयगत शाखा मार्फत कर्यान्वयन नहुनु र सोको कारण योजना तथा कार्यक्रमको यकिन अबिलेख राख्न नसक्नु ।  शहरी/बजारी सौन्दर्यता, शुरक्षित आवास, मापदण्ड बमोजिम घर निर्माणका लागी नक्सापास गर्नको लागि पद्दतिको थालनी गर्न सकिएको छैन । स्तरीय पूर्वाधारको कमि छ । यहाको सडक संजाल पर्याप्त छैन । कालोपत्रे सडक अत्यन्त न्युन छ । हुग्दीखोला, हरेवाखोला, बडीगाड नदी, खहरेको कारण यहाँको जनताले बर्षेनी कटान र बाडीको प्रकोप ब्यहोर्नु परेको छ । फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साइटको अभाब रहेको छ । सुद्ध पिउने पानि, सडक बत्ति, ल्याण्डलाइन टेलिफोन जस्ता सेवाहरु पर्याप्त छैनन्  । गाउँको सामाजिक, भौतिक पूर्वाधार निर्माणमा समुदाएको लागत सहभागिता अति न्युन छ । सुबिधायुक्त स्वास्थ्य सस्थाको कमि छ । यस गाउँपालिकामा औधोगिग र ब्यापारिक आधारशिला नभएका कारण बेरोजगारी समस्या बढ्दै गइरहेको छ । गाउँपालिका, वडा कार्यालयको आफ्नो कार्यालय भवन निर्माण नभएको कारण काम गर्न अप्ठ्यारो परेको अवस्था छ । समग्रमा भन्नु पर्दा चन्द्रकोट गाउँपालिका आर्थिक, सामाजिक, भौतिक तथा बाताबरणीय आधारमा प्रराम्भिक आवस्था मै रहेको छ ।

**अवसर**

यस गाउँपालिकामा रहेको  ऐतिहासिक एवम् धार्मिक स्थलहरुको सम्बर्द्दनबाट सास्कृतिक पर्यटन प्रवर्धन विकासलाइ तिब्रता दिन सकिने सम्भावना छ । मुख्य सडकले यस गाउँपालिकाको यातायात सुविधामा ठूलो योगदान पुर्याएको छ । यस गाउँपालिकाको खहरे र बडीगाड खोलाको गिट्टी, बालुवा, ढुंगाको रोयल्टी मुख्य आय श्रोत रहेको छ ।

**चुनौती**

यस गाउँपालिकामा अव्यवस्थित बसोबास मुख्य चुनौतिका रुपमा रहेको छ भने नदी कटान र बर्षेनी आउने बाढी पहिरो आर्को प्रमुख चुनौती हो । बर्षेनी ठूला संख्यामा युवाशक्ति विदेश पलायन हुने गरेको छ । यसले गाउँको विकासमा प्रतिकूल प्रभाव पारेको छ । यसरी गाउँको सक्रिय जनसंख्या श्रम पलायनका कारण

बिदेशिने गरेको हुदाँ भौतिक बिकास चुनौतीका रुपमा रहेको छ | यहाको भौगोलिक अवस्थालाइपनि चुनौतीको रुपमा लिनु पर्ने छ | स्थानीय तहको बजेट कम हुने गरेकोले  अप्ठ्यारो भूगोल भएको बस्तीमा खानेपानी, सडक, बिद्युत विस्तार गर्न चुनौतीका रुपमा रहेको छ | ठूला ठूला आयोजनाका लागी पर्याप्त जग्गा नहुनु सहरी विकासका लागी चुनौती हो |

**पूर्वाधार विकासतर्फ**

क. सामाजिक पूर्वाधार

- यस गाउँपालिका अन्तर्गत वडा नं २,३ र ८  को वडामा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण कार्य सम्पन्न भएको छ |
- यस गाउँपालिका अन्तर्गत वडा नं ६ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ
- यस गाउँपालिका अन्तर्गत वडा नं ६ को हरेवा नि. मा. बि. भवन र वडा नं ८ को ज्ञानोदय भवन निर्माण गरिएको छ |
- यस गाउँपालिका अन्तर्गत वडा नं ७ को स्वास्थ्य चौकी  भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ |
- प्रदेश सरकारसँगको  साझेदारी मार्फत बहुउद्देश्यीय सभाहल निर्माण कार्य सम्पन्न गरिएको छ |
- चन्द्रकोट गाउँपालिका क्षेत्र भित्रका स्कुल र सार्बजनिक स्थान गरी १० शौचालय निर्माण गरिएको छ |
- यस गाउँपालिका भित्र विभिन्न आमा समूह, क्लब, सहकारी, सार्बजनिक  गरी ५१ भवन निर्माण गरिएको छ |
- यस चन्द्रकोट गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी ठेक्का प्रक्रियाबाट अगी बढी सम्झौता गर्ने कार्य सम्पन्न भएको छ |
- यस गाउँपालिकाको १५ शैयाको हस्पिटल निर्माण कार्य निर्माणाधिन् अवस्थामा छ |

ख. सिंचाई तथा तटबन्ध पूर्वाधार

- चन्द्रकोट गाउँपालिका अन्तर्गत वडा नं ३,४,७ र ८ मा पर्ने हुग्दीखोला, बडीगाड, कालीखोला नदीले क्षेती पुराएको बिभिन्न स्थानमा थप क्षेती हुन नदिन २२५० घ.मि  नदी तटबन्धन गरिएको छ र सो कार्यलाइ  निरन्तरता दिईएको छ |
- चन्द्रकोट गाउँपालिका अन्तर्गत  वडा नं ४,६,७, र ८ का विभिन्न सिंचाई कुलोको बाँध संरक्षणको लागी तटबन्ध गरिएको छ साथै निरन्तरता दिईएको छ |

- चन्द्रकोट गाउँपालिका अन्तर्गत  वडा नं  ८ रामपुर फाँट सिंचाई को लागी ३० हजार लिटरको सिंचाई पोखरी निर्माण गरिएको छ |
- चन्द्रकोट गाउँपालिका क्षेत्र भित्र हाल सम्म २० कि.मि सिंचाई कुलो को स्तरुन्नती गरिएको छ |

ग. <u>सडक, नाली तथा पुल-पुलेसा</u>

- चन्द्रकोट गाउँपालिका अन्तर्गत भुग्दी खोला, किउ खोला, हरेवा खोलामा मोटरेबल कल्बर्ट निर्माण कार्य गरिएको छ भने विभिन्न वडा गरी ११ साना कल्बर्ट निर्माण गरिएको छ |
- चन्द्रकोट गाउँपालिका अन्तर्गत वडा नं ३,४ र ८ को भुग्दीखोला, हुग्दी खोलामा क्रमस १६,३२,३२ मिटर लामो Steeस्टिल ट्रस पुल निर्माण गरिएको छ |
- चन्द्रकोट गाउँपालिका वडा नं ६ र वडा नं ४ जोड्ने गरी ९६ मि लम्बाई भएको झोलुंगे पुलको सामाग्री खरिद प्रक्रिया अगी बढाइएको र अब आउने आ.व मा निर्माण कार्य सम्पन्न गरी संचालन मा ल्याइने छ |
- प्रदेश र गाउँपालिकाको समपुरक योजना मार्फत बाक्लो बस्ती भएको र ओजेलमा परेका महोत्वपूर्ण सडक निर्माणको कार्य ठेक्का भइ सम्झौताको प्रक्रिया अगी बढाइएको छ |
- गाउँपालिका स्तरमा नियमित यातायात सहज बाताबरणमा सुचारु गर्न प्रत्यक आ.व. मा सडक सफाई गर्ने कार्य गरिएको छ |
- प्रदेश र संघको लगानीमा ६ कि.मि सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ र विभिन्न वडा गरी २५ कि.मि सडक स्तरुन्नती भएको छ |
- गाउँपालिका स्थापना पश्चात देहाय बमोजिम नयाँ सडक ट्र्याक र स्तरोन्नतिको कार्य भएको छ।

| वडा नं. | नयाँ सडक ट्र्याक (कि.मि.) | स्तरोन्नति (कि.मि.१) |
|---|---|---|
| १ | १२ | २ |
| २ | २० | १० |
| ३ | ६ | १४ |
| ४ | १० | १६ |
| ५ | २१ | ८ |
| ६ | १० | २० |
| ७ | ११ | २१ |
| ८ | <u>२०</u> | <u>१५</u> |
| जम्मा | ११० | १०६ |

घ. बिधुत तथा प्रबिधि तर्फ

- चन्द्रकोट गाउँपालिका अन्तर्गतका बाक्लो बस्तीभएका क्षेत्रमा सडक बत्तिको व्यवस्था गरिएको छ र निरन्तरता दिईएको छ ।
- चन्द्रकोट गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा व्याकअप जडान गरिएको छ ।

ङ. सहर तथा भवन

- बिपत न्यूनीकरण जनता आवास कार्यक्रम, खरको छाना बिस्थापन कार्यक्रम अन्तर्गत यस गाउँपालिकाले खरको छाना भएका करिब तपशिल बमोजिम घर संख्यालाइ जस्ता पाता वितरण गरेको छ ।

| वडा नं | खरका छाना विस्थापन घर संख्या | खरका छाना विस्थापन गर्न बाकि घर संख्या |
|---|---|---|
| १ | ६९ | ० |
| २ | ४८ | ० |
| ३ | ५३ | ० |
| ४ | ७२ | ० |
| ५ | १२१ | ३० |
| ६ | ७५ | ० |
| ७ | ९० | २० |
| ८ | ९० | ३० |
| जम्मा | ६१८ | ८० |

- यस गाउँपालिका अन्तर्गत वडा नं २,३,४,८ का कतिपय टोलमा भल तथातर ७०० मि ढल निकासका लागी नाली निर्माण गरिएको छ भने बाकीमा निर्माण कार्यलाइ निरन्तरता दिईएको छ ।

च. खानेपानी तर्फ

- नागरीकले स्वच्छ खानेपानी सुबिधा जनक रुपमा प्राप्त गर्नुपर्छ भन्ने नीतिलाइ व्यवहारत गर्दै एक घर एक धारा नीतिलाई निरन्तरता दिदै यस गाउँपालिका भित्रका तपशिल बमोजिम वडाहरुको घरमा व्यवस्थित तरिकाले धारा पुर्याउने काम सम्पन्न गरिएको छ ।

तपशिल

| वडा नं | सम्पन्न भएका घर संख्या | यस आ.व. मा सम्पन्न हुने | बाँकी घर संख्या |
|---|---|---|---|
| १ | १९३ | २५८ | ० |
| २ | ३७० | १४८ | १९ |
| ३ | ४७६ | १० | ० |
| ४ | ६५५ | १८४ | ७१ |
| ५ | १८६ | २०९ | ४१ |
| ६ | २८५ | १४० | ० |
| ७ | ३८० | ४२५ | ७३ |
| ८ | ४२८ | १९४ | ३३९ |
| जम्मा | २९७३ | १५६८ | ५४३ |

- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गुल्मी तथा गोर्खा ब्रिटिश वेलफेयर द्वारा संचालित विभिन्न खानेपानी योजनाहरुमा यस गाउँपालिकाले लागत साझेधारी गर्दै आएको छ र  एक घर एक धारा नीतिलाइ व्यवस्थित गर्न यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत धारा, मिटर, गेटबल्ब बितरण गरी ब्यवस्थित गरिएको छ र हाल संचालित योजनाको लागि निरन्तरता दिइएको छ | यस कार्यकालमा ५९ प्रतिशत घरमा एक घर एक धाराका कार्य सम्पन्न गरिएको छ। ३० प्रतिशत घरमा एक घर एक धारा कार्य यस आ.व. २०७८/०७९ मा सम्पन्न गरिदै छ। जसबाट स्थानीय तह निर्वाचन पश्चात चन्द्रकोट गाउँपालिकाले ८९ प्रतिशत घरमा एक घर एक धारा कार्यक्रम सम्पन्न गर्दैछ।

**अन्त्यमा**

नेपाल संविधान २०७२ जारी भएपछि स्थानीयतहको निर्वाचन पश्चात, स्थानीय तहको नया संरचना, सिमित कर्मचारी, बिभिन्न कानुनहरुको अभाव बावजुत पनि पूर्वाधार विकास क्षेत्रमा भएको प्रगतिलाई उल्लेख्य नै मान्न सकिन्छ | पूर्वाधार विकासका पक्षहरुको माध्यमबाट चन्द्रकोट गाउँपालिकाको विकासमा अत्यन्तै खटिने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु, सभासदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र चन्द्रकोट विकासमा खटिने सम्पूर्णलाइ हार्दिक धन्यवाद दिदै आगामी दिनको लागी शुभकामना ब्यक्त गर्दछु |

टंक बहादुर क्षेत्री
संयोजक
पूर्वाधार विकास समिति

## २.४ आर्थिक विकास समितिको प्रतिवेदन

सभाध्यक्ष ज्यू

सभा सदस्य ज्यूहरु

सभा सचिव ज्यू

तथा कर्मचारी बर्गहरु

चन्द्रकोट गाउँपालिका गुल्मीको समग्र आर्थिक विकासलाई थप परिणाममुखी बनाउन तथा आर्थिक पारदर्शीता कायम गरी सुशासनको प्रत्याभूति दिलाउदै सार्वजनिक सेवा प्रवाहमा आर्थिक विकासको क्षेत्रलाई थप क्रियाशील तुल्याउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँसभाले नियमावली बनाई आफ्नो कार्यप्रणाली व्य वस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा विभिन्न बिषयगत समितिको गठन गर्न सक्ने प्रावधान अनुरुप यस गाउँपालिकामा पनि एक आर्थिक विकास समिति गठन भई चन्द्रकोट गाउँपालिका गुल्मीको स्थापना २०७३ फाल्गुन २७ गते पश्यात हालसम्म भएको बिभिन्न्न गतिविधिको तथ्य प्रमाण आधारमा आर्थिक विकास समितिको यो प्रतिवेदन पेश गर्न चाहन्छु ।

**सवल पक्ष**

स्थानीय तहको परिकल्पना पश्यात गाउँपालिकाको आर्थिक बिकासको हिसाबले जनतासंग निकट रही विभिन्न बिषयबस्तुमा कामकाज गर्न सरकारको रुपमा स्थापित भई स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र आर्थिक विकासको व्यबस्तालाई प्रभावकारी बनाउन र जनपक्षीय काम गर्दै प्रभावकारी संस्थागत विकास गर्नका लागि यस समितिको माध्यमबाट मार्गदर्शन प्रदान भैरहेको अवस्था छ । नागरीकको सन्तुष्टि सेवाप्रवाहलाई मुख्य ध्येय राखेर संचालित यस गाउँपालिकाको विकास गरेका सेवाहरुप्रति केहि छुटपुट बाहेक जनगुनासो नभेटिनु, गाउँपालिकाको मुख्य- मुख्य सेवा प्रवाह, विकास उन्मुख, रोजगारका अवसर, पर्यटन प्रवर्दन ,सुलभ कर्जा, प्रबिधि विकास, पर्यटकिय स्थलहरु पहिचान गर्नु, धार्मिक र सास्कृतिक सम्पदाहरुको संरक्षण गर्नु, तालतलैवाको पुनरजिबित गर्नु ,कृषि उत्पादन प्रणालीमा आधुनिकरण तथा बजारिकरण गर्नु, स्वरोजगारका लागि सीप मुलक तालिम गर्नु, जस्ता व्यवस्था लगायतका यस गाउँपालिकाका विभिन्न सवल पक्षहरु रहेका छन्।

**कमजोर पक्ष**

गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नहुनु, १ वटा वाहेक अन्य वडा कार्यालयका आफ्ना भवन नहुनु, पुँजीगत भन्दा चालु शीर्षकका बजेटको आकार ठूलो हुनु, भौगोलिक विकटताका कारण सार्वजनिक सेवा प्रवाहमा कठिनाई उत्पन्न भई सोचे अनुरुप सेवा दिन नसक्नु यहाँको कमजोर पक्षका रुपमा रहेका छन्। गाउँपालिकाभित्र नक्सापास जस्ता कुराहरु समयमै लागु गर्न नसक्दा आन्तरिक राजश्वमा केहि कमि आएको अवस्था छ यसका अलावा करका दायरा बढाउने स्पष्ट नीति गाउँपालिकाले अवलम्बन गर्न नसक्नु पनि अर्को कमजोरीका रुपमा रहेको छ। विषयगत समितिहरु समेत त्यति क्रियाशिल हुन नसक्नु पनि कमजोरीका रुपमा रहेको छ।

**अवसरहरुः**

गुल्मी जिल्लाको विकट पहाडी बस्तिमा रहेको यस गाउँपालिका सदरमुकाम देखि टाढा भएतापनि अर्को प्रदेशसँग सिमाना जोडिएको जिल्ला भएको कारणले यहाँका बजारक्षेत्रहरु शान्तिपुर तथा मजुवा क्षेत्रहरुको कारण यहाँको व्यापार तथा भौगोलिकतामा आधारित कृषि पेशा एबम् रैथानेबालीहरु (कालो भटमास, सिलाम आदि) को प्रबर्धन मार्फत यहाँका नागरीकको आम्दानीको श्रोत बढाउन सकिने अवस्था छ। यसका अलवा पशुपालन तथा मौरी पालनले समेत यहाँका नागरीकहरुलाई उद्यमशील बनाउन थप टेवा पुग्छ। पछिल्लो समयमा विकास भएको टनेल खेती तथा बेमौसमी खेतिका कारणले यहाँको कृषिजन्य अवस्थाबाट फाईदा लिन सकिने अवसर पनि रहेको छ । वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदि लगायत वडा नं. २ को खहरेखोलाबाट प्राप्तहुने नदिजन्य पदार्थको विक्रि वितरणबाट गाउँपालिकाले आन्तरिक आम्दानी बढाउन सक्ने अवसर रहेको छ। साथै विभिन्न पर्यटकीय स्थलहरु टिमुरे ताल, अर्जेवा झरना, झुलेनी पार्क जस्ता क्षेत्र तथा धार्मिक स्थल दिब्रुङ्ग शिवालय मन्दिर, चक्रेश्वर मन्दिर तथा चन्द्रकोट मन्दिर जस्ता क्षेत्रहरुको कारण पनि यस क्षेत्रमा धार्मिक तथा अन्य पर्यटन प्रबर्धन मार्फत यहाँको आन्तरिक आम्दानी बढाउन सकिने अवसर रहेको छ। रोजगार कार्यक्रमलाई थप प्रभाकारी तुल्याउन नेपालको संबिधानले बिभिना तहका सरकारको रोजगारी र बेरोजगारी सहायता तथा तथ्यांक संकलनको जिम्मेवारी तोकिनु, सबै स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना हुनुका साथै रोजगार संयोजक र प्राबिधिक सहायकको नियुक्ति गरीनु, रोजगार सूचना व्यवस्थापन प्रणाली संचालनमा रहनु , सेवा केन्द्रलाई श्रम सूचना बैंकको रुपमा स्थापना गर्नु,रोजगारीको हक सम्बन्धि ऐन, २०७५ र नियमावली २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यविधि, २०७६ तर्जुमा भइ कार्यन्वयनमा रहनु सवाल पक्षको रुपमा लिन सकिन्छ ।

## चुनौतीहरु

चन्द्रकोट गाउँपालिकाको उत्तरी दिब्रुङ्गदह तथा पश्चिमि ग्वाघा क्षेत्र भुगोलको हिसावले विकट, जाडो मौसममा अत्यन्त चिसो तथा बाह्रै महिना हावा चलिरहने भएको कारण यहाँको जनजिवन केहि अप्ठ्यारो पनि रहेको छ। यसका अलावा यहाँका नागरीकहरु रोजगारीको सिलसिलामा भारत लगायत अन्य तेश्रो मुलुकमा जाने र बसाईसराईको दर पनि उच्च रहेको कारण यस क्षेत्रमा नागरीकहरुलाई टिकाई राख्न समस्या भएको छ। गाउँपालिका जोड्ने सडकको अवस्था कमजोर तथा हरेक वडाहरु कच्ची सडकको पहुँचमा रहेको कारण समेत बर्षायाममा आवतजावतमा निकै ठुलो समस्या आईरहेको छ। यहाँको वडा नं. ७ रुपाकोटको सोता क्षेत्र तथा वडा नं. ८ को मजुवा तथा वडा न ४ को शान्तिपुर क्षेत्रमा खेतियोग्य जमिनमा बस्तिहरु बसाईने कारणले गर्दा पनि उत्पादन तथा उत्पादकत्व वढाउन केहि समस्या आईरहेको छ। वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदिमा बर्षा याममा आउने बाढीका कारण मजुवा क्षेत्रको तल्लो भाग र रुपाकोट क्षेत्रको बोटेगाउँ क्षेत्रलाई निकै प्रभाव पारिरहेको छ। यसका अलावा समय समयमा मनसुन जन्य विपदका कारण नागरीकहरु घरबार विहिन हुनुपर्ने अवस्था पनि यस गाउँपालिकाको लागि चुनौतिका रुपमा स्थापित भएको छ।

**सभाध्यक्ष महोदय,**

अव म यस चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक  विकास अन्तर्गत भएका हालसम्मका उपलव्धीहरुलाई क्षेत्रगत रुपमा उल्लेख गर्न चाहन्छु।

## <u>१) कृषि विकास</u>

१. यस गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन र कृषकहरको आफ्नो पेशालाई सम्मानित भएको महुसुस दिलाउनका लागि विभिन्न किसिमका कृषक उन्मुख कार्यक्रमलाई सचालन गरिएको।
२. कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन र कृषकहरुको पेशा प्रति कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यावस्थापन सम्बन्धी स्थानीय नीति,कानुन,मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिएको।
३. कृषकको कार्यबोझ घटाउन कृषिमा आधुनिकता तर्फ अगाडी बढाउन आवश्यक पर्ने उपकरणको पहिचान गरी खरिद ब्यावस्थापन गरी कृषकको मागको आधारमा आवश्यकता अनुसार उपलव्ध गराईएको।
४. मौसमी तथा बेमौसमी तरकारी खेतिलाई थप जोड दिदै दिगो कृषिका लागि बाँस तथा फलामका टनेल निर्माण प्रबिधिको विस्तार गरिएको।

५. कृषकको रैथानेबाली खेति लाई लक्षित गरी कालो भटमास सिलाम खेती तथा मसला बालीहरु जस्तै अदुवा, लसुन, बेसार आदि बालीलाई बढावा दिंदै आईएको।

६. प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाको वडा नं ३,४ र ६ मा एक स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन गरिएको।

७. गाउँपालिकाको मुख्यबजार क्षेत्र शान्तिपुर तथा मजुवामा एक/एक वटा हाटबजारहरु स्थापना गरिएको। कृषकहरुको उत्पादनलाई मूल्य निर्धारण गरी कृषि संकलन केन्द्रबाट गाउँपालिका बाहिर निर्यात गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक प्रवन्ध गरिएको।

८. कोभिड-१९ लक्षित कार्यक्रम अन्तर्गत किसानको लागी विभिन्न अनुदानमुलक कार्यक्रम संचालन गरिएको।

९. किसानलाई लक्षित गरी कृषिमा आत्मनिभर भई उत्पादकत्व बढाउनको लागि ब्यवसाय अनुसारको तालिम कार्यक्रमहरु संचालन गरिएको।

१०. अर्गानिक खेती प्रणालीबाट कृषकलाई परामर्ष प्रदान गर्दै बिस्तारको लागि प्रोत्साहन गरिएको।

११. रासायनिक मललाई न्यूनीकरण गर्दै जैविक मल उत्पादन तथा प्रयोगलाई बढी प्राथमिकता दिईएको तथा किसानले सुपथ मुल्यमा मल प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न र बजार मुल्यमा एकरुपता कायम राख्न अनुदानमा रासायनिक मल वितरण निर्देशिका अनुरुप सेवाप्रदायक छनौट गरी आवश्यक कार्य गरिएको।

१२. एक गाउँ एक प्राविधिक को व्यवस्था गरी किसानहरुबाट आउने समस्या समाधान गर्न वडा तहबाटै आवश्यक ब्यावस्था मिलाईएको।

१३. एक घर एक टनेल प्रबिधीलाई ध्यानमा राखी तरकारी खेतीमा आत्मनिर्भर गराउन क्रमश बार्षिक नीति तथा बजेटमा समावेश गरी आधुनिक टनेल खेतीमा कृषकलाई अनुदान उपलब्ध गराई कृषि पेशालाई आधुनिकता तर्फ आकर्षित गरिएको।

१४. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत ज्ञान केन्द्रबाट संचालित वडा नं. ७ र ८ मा धान ब्लक क्षेत्रलाई कृषकहरुको लागि बीउ,प्रविधि तथा सिंचाई लगायतका सुविधा प्रदान गरिएको।

१५. प्रधानमन्त्री आधुनिकीकरण परियोजना अन्तर्गत कार्यक्रम संचालनको लागि वडा नं. ७ र ८ मा कफि सुपरजोन र मकै जोन तथा वडा नं. ५ र ६ मा सुन्तलाजोन कार्यक्रम संचालन भएको।

१६. गाउँपालिकाको विभिन्न स्थानमा लगाइएको फलफूल, किवी, उत्पादनको अध्ययन गरी विभिन्न वडाहरुमा विस्तार गरिएको।

१७. आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादनमा वृद्धि तथा कृषि कार्यमा सरलता ल्याउन मिनिटिलर, च्यापकटर लगायतका अन्य उपकरणहरु खरिद गरी वितरण गरिएको।

१८. कृषिमा भैपरी आउने प्राकृतिक प्रकोप तथा कृषिमा भित्रिन सक्ने विभिन्न किसिमका रोग किरा तथा बालीमा हानी नोक्सानी गर्ने जनावर (बाँदर,दुम्सी,चौगडा,मृग आदि) लाई मध्यनजर गर्दै पूर्व तयारीका

साथ कृषि उत्पादनको ह्रासलाई न्यूनीकरणका लागि पालिका तथा वडा तहबाट विभिन्न योजनाहरु संचालन गरिएको।

१९. किसानलाई लक्षित गर्दै कृषिसम्बन्धी विभिन्न कार्यक्रमहरु वृद्धि गरी आत्मनिर्भर बनाई उत्पादकत्व वृद्धि गर्नका लागि व्यवसायिक तालिमको व्यवस्था गरिएको।

२०. अर्गानिक खेती प्रणालीको बारेमा कृषकलाई परामर्श दिदै कृषकहरुको माग, उत्पादन क्षेत्र तथा बाली लगाउने समयलाई मध्यनजर गर्दै मौसमी तथा बेमौसमी बीउबिजन वितरण गरिएको।

२१. रैथाने बालीलाई संरक्षण गर्दै उन्नत जातका बालीहरुको विकास गरिएको। साथै गाउँपालिकाको भौगोलिक अवस्थाको अध्ययन गरी सोही किसिमका फलफूल तथा बालीहरुको लागि वडा नं ४ मा एक हाईटेक नर्सरी स्थापना गरिएको साथै उक्त नर्सरीलाई व्यवस्थीत रुपमा संचालन गर्नका लागि विरुवा उत्पादन लगायतका आवश्यक सुविधा प्रदान गरिएको।

२२. कृषकलाई नीजि बाँझो जग्गा तथा खेतबारीका कान्लामा समेत दलहन बाली, तरकारी, फलफूल,बिरुवाहरू लगाउन आम कृषकलाई अभिप्रेरित गर्ने कार्यक्रम संचालन गरिएको।

२३. उन्नत बीउ उत्पादनलाई दिगो बनाउने दृष्टिकोणले कृषक सहकारी, समूहलाई सीप विकासका कार्य, उपकरणमा अनुदान, सिंचाई लगायतका क्रियाकलापमा जोड दिइएको ।

२४. कृषि वाताबरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरिएको ।

२५. कृषिहरुको क्षमता अभिबृदी, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गरिएको ।

## <u>२) पशु सेवा तर्फ</u>

१. "पशुपंक्षीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार" भन्ने मुल नारा को साथ चन्द्रकोट गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पालिएका गाई र भैसी मा कृतिम गर्भाधान गरी दुध उत्पादनमा वृद्धि गर्नका लागि आवश्यक प्रवन्ध मिलाईएको।

२. पशुधन संरक्षण,पशुपंक्षीलाई महामारी रोगहरुबाट बचाउनको लागि नियमित रुपमा निशुल्क खोपको व्यवस्था गरिएको।

३. कृषक समुदाय र उद्यमिहरुका लागि भरपर्दो सेवा उपलब्ध गराउने उद्देश्यले "किसानको साथि"का रुपमा पशु सेवा शाखालाई विकास गर्दै लगिएको।

४. पशु सेवा शाखाको पहुच भन्दा टाढा रहेका वस्तीहरुमा निशुल्क पशु स्वास्थ्य शिविर, डिपीङ्ग, ड्रन्चीङ्ग कार्यक्रम हरु संचालन गरिएको।

५. व्यावसायिक रुपमा कुखुरापालन, बाख्रापालन गर्ने कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गरिएको।

६. चन्द्रकोट गाउँपालिका भित्रका सम्पूर्ण गाई, भैसी, बाख्राको बिमा गर्दा कृषकले तिर्ने प्रिमियमको ५० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्नको लागि पशु विमा कार्यक्रमलाई संचालन गरी पशुपालक कृषकहरुलाई पेशा प्रति आकर्षण बढाईएको।
७. प्रदेश सरकारको सहकार्यमा संचालन भएको मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमबाट उत्पादन लक्षित कार्यक्रम संचालन गरिएको।
८. पशुजन्य उत्पादनको उत्पादन लागत कम गर्न घासमा आधारित पशुपालन जोड दिईएको।
९. पशुपालन क्षेत्रको विकासका लागि यान्त्रिकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणलाई विशेष ध्यानमा राखी कार्यक्रम संचालन गरिएको।

**३) पर्यटन तर्फ**

१. यस गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय क्षेत्र टिमुरे ताल, अर्जेवा झरना, दिव्रुङ्ग दह, चन्द्रकोट मन्दिर संरक्षणलाई पहिचान गरी संरक्षणका निम्ति विभिन्न योजनाहरु संचालन गरिएको।
२. गाउँपालिका भित्र होमस्टे संचालन र त्यसलाई प्रभावकारी बनाउन प्रोत्साहन तथा सामाग्रीहरु प्रदान गरी उद्यमशीलता प्रवर्धन गरिएको।
३. गाउँपालिकाको आन्तरिक पर्यटन प्रवर्धन गर्न गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रमा निःशुल्क प्रवेशको व्यवस्था मिलाईएको।
४. नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा संभाव्यताको अध्ययन गरी विभिन्न निकायमा योजना संचालनको लागि प्रस्तावना पेश गरिएको।
५. गाउँपालिकाभित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक स्रोतहरुको संरक्षण, संवर्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्धन कार्यलाई अगाडि बढाई आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्धन गरिएको। टिमुरे ताल क्षेत्र, हरेवा झरना, झुलेनी, ऐतिहासिक चन्द्रकोट मन्दिर, दिव्रुङ्ग मन्दिर चण्डिस्थान मन्दिर, सिद्दबाबा मन्दिर, चक्रेश्वर मन्दिरको संरक्षण तथा प्रचारप्रसार का लागि विभिन्न योजनाहरु संचालन गर्दै आएको।
६. गाउँपालिकाभित्र पर्यटन प्रवर्धन र साँस्कृतिक संरक्षणको लागि हरेक बर्ष संचालन हुने चक्रेश्वर मेला तथा दिब्रुङ्ग शिवालयमा हुने शिवरात्री मेला व्यवस्थापनको लागि आर्थिक सहयोग प्रदान गरिएको।

**४) सहकारी तर्फ**

१. सहकारी क्षेत्रलाई गाउँपालिकाको विकास र समृद्धिको क्षेत्रमा क्रियाशिल गराउन सहकारीहरुको नियमन तथा व्यवस्थापन सम्बन्धी कानुनी र नीतिगत पूर्वाधार तयार गर्ने, सहकारी संस्थाहरुको क्षमता विकास गरी थप पारदर्शी र ब्यवसायिक बनाउने सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने हेतुले विभिन्न ऐन तथा नियमकानुनहरु तय गरी संचालन र नियमन गर्ने गरिएको।

२. मुलुकको आर्थिक विकासका तीन खम्बा मध्येको एक खम्बा सहकारी क्षेत्र रहेको हुँदा गाउँपालिकाभित्रका सहकारीलाई आर्थिक विकासका गतिविधिहरुमा संलग्न गराई गाउँपालिकाको आन्तरिक आयमा टेवा पुर्याउन सक्षम बनाउन विभिन्न उत्प्रेरणा जन्य कार्य संचालन गरिएको।
३. सहकारीको माध्यमबाट यस गाउँपालिकाभित्र उत्पादित कृषि उपजलगायत अन्य बस्तु तथा सेवाहरुको प्रवर्धन तथा विस्तारीकरणका लागि कृषि सहकारीहरुको स्थापनामा जोड दिईएको।
४. सहकारी संस्थाहरुको मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभा, निर्वाचन सम्वन्धी जानकारी लगायत अन्य आवश्यक विवरणलाई COPOMIS मा प्रविष्टि गर्नकोलागि गाउँपालिकाको सहकारी शाखा सम्बद्ध कर्मचारी तथा सहकारी संस्थाका सम्बन्धित कर्मचारीलाई यस सम्वन्धी शिक्षा एवं तालिमको लागि विभिन्न समयमा तालिम तथा प्रशिक्षणको ब्यवस्था गरी शाखा व्यवस्थापन गरिएको।
५. लामो समयसम्म निष्कृय रहेका र अन्य सहकारीसंग मर्ज (Merge) हुन चाहेका सहकारीहरुलाई यस कार्यमा सहजीकरणका लागि आवश्यक प्रवन्ध गरिएको।
६. गाउँपालिकाको आर्थिक वृद्धि तथा विकासको लागि सरकार, निजी क्षेत्र र सहकारी बीच आपसी तालमेल मिलाई अगाडि बढाउनको लागि सम्बद्द निकायहरुसँग सहकार्य गरिएको।

**<u>५) गरीवी न्यूनीकरण तथा रोजगार र आय आर्जन तर्फ</u>**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई थप प्रभाकारीरुपमा कार्यान्वन गरिएको।
२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हाल सम्म बेरोजगार सूचिमा सुचिकृत ४१३ जना बेरोजगार व्यक्तिलाई प्राथमिकीकरणका आधारमा बार्षिक न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको।
३. गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत हाल सम्म करिव ७० जना महिलाहरुलाई सीपविकास तालिम संचालन गरी स्वरोजगार बन्न अभिप्रेरीत गरिएको र व्यवसाय संचालनको लागि आवश्यक परामर्श प्रदान गरिएको।
४. विभिन्न कामका लागि हुने बाल श्रमलाई पूर्ण रुपमा निरुत्साहित गर्ने नीति गाउँपालिकाले कार्यान्वयन गरेको।
५. लगानीको क्षेत्रमा गरीवी न्यूनीकरण तथा रोजगारमूलक लगानीलाई प्राथमिकता दिईएको।
६. स्थानीय तहबाट संचालित विभिन्न आयोजनाहरुमा स्थानीय युवाहरुलाई अधिकतम प्रयोग गरिएको र उपभोक्ता समितिलाई समेत युवा परिचालनको लागि अभिप्रेरीत गरिएको।
७. संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीको क्षेत्र विस्तार गर्ने गरिएको।
८. आन्तरिक रोजगारी श्रृजना गर्न सरोकारवाला निकाय र नीजि, सरकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा जोड दिईएको।

९. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यक्रममा संलग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिएको।

१०. श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, सडक यातायात, खानेपानी तथा सरसफाई, वन तथा वातावरण, कृषि, सहकारी तथा पशुपंक्षी विकास, उर्जा सिंचाई तथा नदि नियन्त्रण पुन निर्माण एवं स्वास्थ्य क्षेत्रबाट रोजगारी श्रृजना गरिएको।

११. गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुमध्ये अधिकतम व्यक्तिलाई संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउदै लगिएको।

१२. थप रोजगारीका अवसर श्रृजना गर्दै कम लगानीमा पूर्वाधार विकासका काम अगाडि बढाउन पूर्वाधार विकाससम्बन्धी कार्यक्रममा रोजगार उपभोक्ता समितिले पनि आफ्नो दक्षता पुग्ने योजना/आयोजना कार्यान्वयन गर्न सक्ने व्यवस्था मिलाउदै लगिएको।

१३. बि. सं. २०७५ फागुन १ गते शुभारम्भ भएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आ.व. २०७५/०७६ मा १३५, २०७६/०७७मा ७६ र ०७७/०७८ मा २०१ जना गरी यस पालिकामा ४१३ जनालाई ३०, ३० र १०० दिनको रोजगारी प्रदान गर्नुका साथै विभिन्न मुख्य योजनाहरु जस्तै किसिकोट प्रा.वि. को कक्षा कोठा निर्माण, दिब्रुङ्गमा हेलिप्याड, पातला पोखरी मर्मत, गाउँपालिकाको कार्यालय अगाडी बगैचा निर्माण, शिद्धबाबा(रुपाकोट) र सत्यवती (ग्वाघा) मा पदमार्ग निर्माण एवं गाउँपालिकाका सम्पूर्ण वडाहरुमा मोटरबाटोको नाली निर्माण तथा गोरेटो बाटो निर्माण तथा मर्मत साथै खानेपानीको पाइप लाइन बिस्तार आदि भएको।

१.कृषि विकास

- यस गाउँ पालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन र कृषकहरुकोपेशा प्रति उन्मुख पेशालाई लागि कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यावस्थापन सम्बन्धी स्थानीय नीति,कानुन,मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना, तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई निर्माण, तालिम, प्रबिधि प्रसार, प्राबिधिक टेवा, कृषि सामग्री आपूर्ति र क्षमता विकास कार्यक्रमको संचालन
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वाताबरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्धन
- कृषि प्रसार तथा जनशक्तिको पक्षेपण व्यावस्थापन र परिचालन
- उच्चमूल्ययुक्त कृषिजन्य बस्तुको प्र वर्द्रन, विकास तथा बजारीकरण
- कृषि सम्बन्धी विमा र कर्जा सहजीकरण
- कृषिहरुको क्षमता अभिबृदी, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण

- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघ संस्थाहरुको समन्वय, व्यबस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्यांकको व्यावस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना व्यबस्थापन

**पशुपन्छी विकास**

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हटबजारका पुर्बाधार निर्मण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको संचालन र नियमन
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवाको व्यावस्थापन
- पशुनश्ल सुधार पद्दति विकास र व्यबस्थापन
- पशुपन्छी सम्बन्धी बिमा र कर्जा सहजीकरण
- स्थानीय चरण तथा खर्च विकास र व्यबस्थापन
- पशु आहारको गूनास्तर नियमन
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्यांकको व्यबस्थापन र सूचना प्रणाली
- पशु बधशाला,व्यबस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य

**अन्त्यमा**

यस चन्द्रकोट गाउँपालिकामा स्थानीयतहको निर्वाचन पश्चात् हामी जनप्रतिनिधिका रुपमा आएपछि विभिन्न कानुनहरुको अभाव स्थानीय तहको नयाँ संरचना तथा सिमित कर्मचारीहरुका बावजुत पनि सार्वजनिक सेवा प्रवाह तथा सुशासनको क्षेत्रमा भएको प्रगतिलाई उल्लेख्य नै मान्न सकिन्छ यद्दपी नागरीकको अधिकतम चाहना का विचमा सिमित श्रोत र साधनका कारण यसक्षेत्रमा अपेक्षाकृत उपलब्धी हासिल गर्न केहि कठिनाई भएता पनि सार्वजनिक सेवामा अधिकतम महत्व दिएर सुसासन प्रवर्धन गर्न लागि रहेका छौं। सार्वजनिक सेवा प्रवाह तथा शुसासन कायम राख्न साथै हाम्रो चन्द्रकोट राम्रो चन्द्रकोट बनाउन

अत्यन्तै खटिने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, सभासदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी हरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा थप अव्वल चन्द्रकोट बनोस् भनि अपेक्षा व्यक्त गर्दछु।

भरतलाल थापा
संयोजक
आर्थिक विकास समिति

## २.५ सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन

सभाध्यक्षज्यू

सभा सदस्यज्यूहरु

सभा सचिव ज्यू

तथा कर्मचारी वर्गहरु

चन्द्रकोट गाउँपालिका गुल्मीको शासन व्यवस्थालाई थप जनमुखी सेबामूखी तथा जनउत्तरदायी बनाउन र पारदर्शीता कायम गरी सुशासनको प्रत्याभूती दिलाउदै सार्वजनिक सेवा प्रवाहलाई चुस्त तुल्याउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँसभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थीत गर्न कुनै सदस्यको संयोजकत्वमा विभिन्न विषयगत समितिको गठन गर्न सक्ने प्रावधान अनुरुप यस गाउँपालिकामा पनि एक सुशासन तथा संस्थागत विकास समितिको गठन भई चन्द्रकोट गाउँपालिका गुल्मीको स्थापना २०७३ फाल्गुन २७ गते पश्चात् हालसम्म भएको विभिन्न गतिविधिको तथ्य प्रमाणका आधारमा यो प्रतिवेदन पेश गर्न चाहन्छु।

**सवल पक्ष**

स्थानीय तहको निर्वाचन पछि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था भई केन्द्रिकृत राज्य संरचनाबाट विकेन्द्रिकृत संरचनामा पुगेको र जनताको नजिकको सरकारको रुपमा स्थापित भएको स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र सुशासनको व्यवस्थालाई प्रभावकारी बनाउन र जनपक्षिय काम गर्दै प्रभावकारी संस्थागत विकास गर्नका लागि यस समितिको माध्यमबाट मार्गदर्शन प्रदान भैरहेको अवस्था छ।कार्यालयको उचित व्यवस्थापन तथा प्रविधिमैत्री नागरीक सन्तुष्टि सेवाप्रवाह लाई मुख्य ध्येय राखेर संचालित यस गाउँपालिकाले प्रदान गरेका सेवाहरुप्रति केहि छिटपुट बाहेक जनगुनासो नभेटिनु, गाउँपालिकाको मुख्य प्रशासकीय भवन व्यवस्थापन गरी विभिन्न कार्यलायगत सामाग्रीको व्यवस्थापन, खर्च गर्ने परिपाटीमा स्पष्टता गर्न सफ्टवेयर (SUTRA) को प्रयोग, गाउँपालिकाभित्र संचालनहुने विभिन्न योजनाहरुको स्थलगत अनुगमन पश्चात् भुक्तानी हुने व्यवस्था, गाउँपालिकाको मुख्य भवन तथा हरेक वडा कार्यालयहरुमा नागरीक वडापत्रको व्यवस्था लगायतका यस गाउँपालिकाका विभिन्न सवल पक्षहरु रहेका छन्।

**कमजोर पक्ष**

गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नहुनु, १ वटा वाहेक अन्य वडा कार्यालयका आफ्ना भवन नहुनु, पुँजीगत भन्दा चालु शीर्षकका बजेटहरु आकार ठुलो हुनु, भौगोलिक विकटताका कारण सार्वजनिक सेवा

प्रवाहमा कठिनाई उत्पन्न भई सोचे अनुरुप सेवा दिन नसक्नु यहाँको कमजोर पक्षका रुपमा रहेका छन्।गाउँपालिकाभित्र नक्सापास जस्ता कुराहरु समयमै लागु गर्न नसक्दा आन्तरिक राजश्वमा केहि कमि आएको अवस्था छ यसका अलावा करका दायरा बढाउने स्पष्ट नीति गाउँपालिकाले अवलम्बन गर्न नसक्नु पनि अर्को कमजोरीका रुपमा रहेको छ।विषयगत समितिहरु समेत त्यति क्रियाशिल हुन नसक्नु पनि कमजोरीका रुपमा रहेको छ।

**अवसरहरुः**

गुल्मी जिल्लाको विकट पहाडी बस्तिमा रहेको यस गाउँपालिका सदरमुकाम देखि टाढा भएतापनि अर्को प्रदेशसँग सिमाना जोडिएको जिल्ला भएको कारणले यहाँका बजारक्षेत्रहरु शान्तिपुर तथा मजुवा क्षेत्रहरुको कारण यहाँको व्यापार तथा भौगोलिकतामा आधारित कृषि पेशा एबम् रैथानेबालीहरु (कालो भटमास, सिलाम आदि) को प्रबर्धन मार्फत यहाँका नागरीकको  आम्दानीको श्रोत बढाउन सकिने अवस्था छ।यसका अलवा पशुपालन तथा मौरी पालनले समेत यहाँका नागरीकहरुलाई उद्यमशील बनाउन थप टेवा पुग्छ।पछिल्लो समयमा विकास भएको टनेल खेती तथा बेमौसमी खेतिका कारणले यहाँको कृषिजन्य अवस्थाबाट फाईदा लिन सकिने अवसर पनि रहेको छ ।वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदि लगायत वडा नं. २ को खहरेखोलाबाट प्राप्तहुने नदिजन्य पदार्थको विक्रि वितरणबाट गाउँपालिकाले आन्तरिक आम्दानी बढाउन सक्ने अवसर रहेको छ। साथै विभिन्न पर्यटकीय स्थलहरु टिमुरे ताल, अर्जेवा झरना, झुलेनी पार्क जस्ता क्षेत्र तथा धार्मिक स्थल दिब्रुङ्ग शिवालय मन्दिर, चक्रेश्वर मन्दिर तथा चन्द्रकोट मन्दिर, कौडेको सत्यवती मन्दिर जस्ता क्षेत्रहरुको कारण पनि यस क्षेत्रमा धार्मिक तथा अन्य पर्यटन प्रबर्धन मार्फत यहाँको आन्तरिक आम्दानी बढाउन सकिने अवसर रहेको छ।

**चुनौतीहरु**

चन्द्रकोट गाउँपालिकाको उत्तरी दिब्रुङ्गदह तथा पूर्वि ग्वाघा क्षेत्र भुगोलको हिसावले विकट, जाडो मौसममा अत्यन्त चिसो तथा बाह्रै महिना हावा चलिरहने भएको कारण यहाँको जनजिवन केहि अप्ठ्यारो पनि रहेको छ।यसका अलावा यहाँका नागरीकहरु रोजगारीको सिलसिलामा भारत लगायत अन्य तेश्रो मुलुकमा जाने र बसाईसराईको दर पनि उच्च रहेको कारण यस क्षेत्रमा नागरीकहरुलाई टिकाई राख्न समस्या भएको छ।गाउँपालिका जोड्ने सडकको अवस्था कमजोर तथा हरेक वडाहरु कच्ची सडकको पहुँचमा रहेको कारण समेत बर्षायाममा आवतजावतमा निकै ठुलो समस्या आईरहेको छ।यहाँको वडा नं. ७ रुपाकोटको सोता क्षेत्र तथा वडा नं. ८ को मजुवा तथा वडा न ४ को शान्तिपुर क्षेत्रमा खेतियोग्य जमिनमा बस्तिहरु बसाईने

कारणले गर्दा पनि उत्पादन तथा उत्पादकत्व वढाउन केहि समस्या आईरहेको छ। वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदिमा बर्षा याममा आउने बाढीका कारण मजुवा क्षेत्रको तल्लो भाग र रुपाकोट क्षेत्रको बोटेगाउँ क्षेत्रलाई निकै प्रभाव पारिरहेको छ। यसका अलावा समय समयमा मनसुन जन्य विपदका कारण नागरीकहरु घरबार विहिन हुनुपर्ने अवस्था पनि यस गाउँपालिकाको लागि चुनौतिका रुपमा स्थापित भएको छ।

**सभाध्यक्ष महोदय,**

अव म यस चन्द्रकोट गाउँपालिका गुल्मीको सुशासन तथा संस्थागत विकास अन्तर्गत भएका हालसम्मका उपलव्धीहरुलाई क्षेत्रगत रुपमा उल्लेख गर्न चाहन्छु।

## १. *सामान्य तथा सार्वजनिक सेवा*

१. गाउँपालिकाको मुख्य प्रशासनीक भवनलाई नागरीक मैत्री बनाईएको साथै शाखा व्यवस्थापनलाई मुख्य ध्यान दिईएको।
२. गाउँपालिकाको आफ्नै पहिचान झल्काउनको लागि चन्द्रकोट गाउँपालिकाको आफ्नै छुट्टै लोगो निर्माण गरी कार्यान्वयनमा ल्याईएको।
३. गाउँपालिकाको हरेक क्षेत्रमा सवैको कृयाशिलता सवल एवम् सक्षम चन्द्रकोट भ्रष्टाचारमा शुन्य सहनशीलता भन्ने मुख्य नाराका साथ सार्वजनिक सेवा प्रवाह निरन्तर अगाडी बढाईएको।
४. प्रत्येक वडामा व्यक्तिगत घटना दर्ता तथा अन्य कार्यका लागि कम्प्यूटरमा आधारित रहेर सेवा प्रवाहका प्रदान गरिएको।
५. गाउँपालिकाभित्रका सवै वडाहरुमा रहेका नागरीक वडापत्रहरु राखी त्यसलाई कार्यान्वयनमा ल्याईएको साथै गाउँ कार्यपालिकामा डिजिटल नागरीक वडापत्र व्यवस्था गरिएको।
६. सूचनाको हकको प्रत्याभूति गर्न गराउनका सामाजिक संजाल तथा अन्य संचार माध्यमबाट आवश्यक सूचनाहरु प्रवाह गरिएको साथै गाउँपालिकाबाट पारित विभिन्न ऐन तथा कानूनहरुलाई गाउँ कार्यपालिकाको वेवसाईटमा अध्यावधिक गर्दै लगिएको।
७. गाउँ कार्यपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई आफ्नो काम कर्तव्य तथा जिम्मेवारीप्रति थप क्रियाशिल वनाउन समय समयमा विभिन्न निकायले संचालन गर्ने तालिम कार्यक्रममा सहभागी हुन पठाईएको साथै कार्यालयभित्रबाट पनि औपचारिक तथा अनौपचारिक तालिमको व्यवस्था गरिएको।
८. गाउँपालिका अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतसँग शाखाप्रमुख र अन्य कर्मचारीहरुसँग कार्यसम्पादन करार संझौता गरी सेवा प्रवाहलाई थप नतिजामूखी बनाउन तर्फ लागिएको।

९. गाउँपालिकाभित्रको जनशक्ती एकिन गर्नको लागि कर्मचारी संगठन संरचना सर्भेक्षण सभावाट पारित गरी सम्बन्धित निकायमा स्वीकृतिका लागि पठाउन तयार गरिएको तथा तत्कालिन अवस्थामा कार्यान्वयनमा आएको संगठन तालिका अनुसार आवश्यक पदको पदपूर्तीको लागि सम्बन्धित निकायमा माग गरिएको।

१०.कार्यालयबाट प्रदान गरीने सेवाहरुलाई अधिकतम रुपमा नागरीकमैत्री वनाउन सवै कर्मचारी तथा जनप्रतिनिधिहरु एकजुट रहेको।

११.गाउँपालिकाभित्र हुनसक्ने विभिन्न घटनाको नियन्त्रण तथा विभिन्न अवाञ्छित क्रियाकलाप रोक्नका लागि नगर प्रहरीको स्थापनाको लागि आवश्यक कार्यविधि पास गरिएको।

१२.गाउँकार्यपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्न उत्प्रेरणा जगाउनका लागि प्रोत्साहन स्वरुप थप आर्थिक सुविधा प्रदान गरिएको।

१३. नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा व्यवस्था गरेबमोजिम आन्तरिक पर्यटन प्रवर्धन गर्नका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुको आन्तरिक भ्रमणको व्यवस्थाको लागि आवश्यक रकम सभाबाट विनियोजन गरी कार्यान्वयनमा लगिएको।

१४. गाउँ कार्यपालिकाबाट प्रवाह हुने सेवालाई नागरीकहरुको सहज पहुँचका लागि समय-समयमा वडा कार्यालयहरुमा एकीकृत घुम्ती सेवा संचालन गरिएको।

१५. आम नागरीकले गाउँपालिका प्रतिको सेवाप्रवाहको विषयमा सुझाव, सल्लाह, प्रतिक्रिया, समर्थन तथा गुनासो प्रकट गर्ने माध्यमको रुपमा गाउँपालिकाको आधिकारीक सामाजिक संजाललाई थप व्यवस्थीत बनाउँदै एकिकृत सामाजिक सूचना प्रवाहको माध्यमका रुपमा स्थापित गरिएको।

१६. नागरीकलाई सहज, छिटो, छरितो सेवा पुर्‍याउन सबै विषयगत शाखाहरुको सुदृढीकरण गर्न आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने नीति अनुरुप कार्यहरु गरिएको।

१७. आम नागरीकको सूचना पाउने हकलाई स्थापित गर्न सुचना अधिकारीको व्यवस्था साथै नागरीकहरुको गुनासोहरु गुनासो सुन्ने अधिकारी मार्फत् तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाईएको।

१८. सेवा प्रवाहलाई मुस्कान सहितको नीति अनुरुप कर्मचारी र जनप्रतिनिधिहरु जनताका सेवक हुन् भन्ने अनुभूती हुनेगरी सेवा प्रवाह संचालन गरिएको।

## <u>२. योजना तथा कार्यक्रम तर्फ</u>

१. आवश्यकताको पहिचान गरी यस गाउँपालिकाभित्र विभिन्न भौतिक तथा अभौतिक योजनाहरु सञ्चालन गरिएको।

२. गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने कार्यको लागि प्रचलित कानुन बमोजिम ठेक्का प्रकृयामा गैसकिएको र गाउँपालिकाको बहुउद्देश्यीय सभाहल निर्माण सम्पन्न गरिएको

३. संघीय सरकारको स्वास्थ्य नीति अनुरुप गाउँपालिकाभित्र १५ शैय्याको अस्पताल निर्माणको क्रममा रहेको।

४. हरेक वडामा स्वास्थ्यचौकीहरु स्थापना गरिएको साथै सामुदायिक स्वास्थ्य केन्द्र मार्फत थप स्वास्थ्य सेवा प्रवाह गरिएको र एक वडा एक सुविधा सम्पन्न स्वास्थ्यचौकी भवन निर्माणको क्रमलाई प्रत्येकबर्ष निरन्तरता दिईएको।
५. खरको छाना मुक्त चन्द्रकोट गाउँपालिका बनाउने अभियान अनुरुप विगत आव हरुदेखि योजना संचालन गरी करिव ९० प्रतिशत घरमा खरको छाना मुक्त गराईएको।
६. गाउँपालिकाको एक घर एक धाराको नीतिलाई सुरुवाती आर्थिक बर्षबाटै अभियान संचालन गरी प्रदेश सरकारको सँगको लागत साझेदारी तथा गाउँपालिकाबाटै आन्तरिक योजना तय गरी निती अनुरुप कार्य गरिएको र करिव ७० प्रतिशत घरमा एकघर एकधारा निति सम्पन्न भएको।
७. गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाको खाका तयार गर्नका लागि सेवा परामर्शको माध्यमबाट योजना संचालन गर्दै आईएको।
८. योजनाहरुको कार्यान्वयन पक्षलाई थप बलियो बनाउनको लागि योजना सम्झौता गर्ने समयावधिलाई गाउँसभाबाटै नीतिको माध्यमबाट किटान गरी कार्यपालिकाको माध्यमबाट कार्ययोजना बनाई लागु गरिएको जसले समयमै योजना फरफारक हुने कार्य भएको।
९. योजनाहरुको पहिचान र बजेट विनियोजनसम्वन्धी कार्यक्रमलाई थप वैज्ञानिक र वस्तुनिष्ठ बनाउन वडा तथा बस्ति स्तरबाटै योजना छनौटको कार्य गर्दै आएको।
१०. कुनै आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकेका अधुरा योजनाहरुलाई पछिल्ला आर्थिक वर्षमा निरन्तरता दिने र कार्य सम्पन्न गर्ने गरिएको।
११. सुरुका वर्षहरुमा सडक सञ्जाल विस्तार लगायतमा अधिकांश लगानी गरिएको मा पछिल्लो आर्थिक वर्षदेखि यसमा लगानी विस्तारै कम गर्दै अन्य उत्पादनमूलक क्षेत्रहरुमा लगानी बढाउदै लगिएको।
१२. प्रधानमन्त्री रोजगार कार्यक्रमसंग समन्वय गरी यस गाउँपालिकाभित्र सञ्चालन हुने विकास निर्माणका कार्यक्रमहरुमा स्थानीय बेरोजगार युवाहरुको महत्तम उपयोग गरी अधिकतम रोजगार श्रृजना गरी जानसाङ्खिक लाभको सदुपयोग गरिएको।
१३. गरीवी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम (MEDPA) मार्फत उद्यमशीलता प्रवर्धन गराउनका लागि विभिन्न वर्ग तथा क्षेत्रका महिलाहरुलाई सीपमूलक तालिमहरु संचालनमा ल्याईएको।
१४. योजनाहरुका कार्यान्वयन चरणमा प्राविधिकहरुवाट हुने लागत अनुमान तथा मुल्याङ्कनलाई संभव भएसम्म नेपाली भाषाको प्रयोगमार्फत सरल बनाउदै लगिएको।

**३. सूचना प्रविधितर्फ**

१. गाउँ पालिकाको कार्य सम्पादनलाई छिटो-छरितो, पारदर्शी, गुणस्तरीय र प्रबिधिमैत्री बनाउन स्थानीय तहबाटै सुदृढीकरणको लागि विभिन्न कार्यहरु गरिएको।
२. सेवाग्राहीको लागि जारी गरीने नागरीक वडापत्रलाई अध्यावधिक गरी सबै तह र वर्गको पँहुचमा पुर्याउनको लागि सूचना बोर्ड, सामाजिक संजाल तथा वेवसाइट मार्फत जानकारी गराई नागरीकको

सूचनामा सहज पुर्याईएको साथै गाउँपालिकाको हरेक सूचना तथा समाचार, बार्षिक कार्यक्रम, वडा कार्यालयको बिवरण, मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदन, आय-व्यय विवरण, सार्वजनिक सुनुवाई, ऐन कानुन तथा निर्देशिका, कर तथा शुल्कहरुको बिवरण वेबसाइटमा राख्ने व्यवस्था गरिएको।

३. गाउँपालिकाको बिकासको क्रममा नागरीक स्तरबाट आउने जनगुनासो, सेवाग्राही तथा कर्मचारीको गुनासो सुनुवाई तथा सकारात्मक सुझाबहरु संकलन तथा कार्यान्वय गर्नको लागि बिधुतीय प्रणाली सेवा तथा अन्य उपयुक्त माध्यमको व्यवस्था गरी गुनासो सुन्ने जिम्मेवार अधिकारीको काम कारबाहीलाई व्यवस्थापन गरिएको।

४. गाउँपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रमका वित्तीय जोखिम न्यूनीकरणको लागि निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्प्रधात्मक बनाउन बार्षिक खरिद योजना गराई E-Bidding लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईएको।

५. गाउँपालिकाभित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र स्कुलहरुमा संचालनमा रहेका बिधुतीय हाजिरी प्रणाली लाई व्यवस्थित गरिएको।

६. आर्थिक प्रशासन शाखा तथा भण्डार शाखाको कार्यलाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी तथा प्रबिधिमैत्री बनाउन व्यवस्थापन सफ्टवेयर प्रणाली (SUTRA तथा PAMS)को प्रयोग गर्ने गरिएको।

७. यस गाउँपालिकाको महत्वपूर्ण स्थान शान्तिपुर तथा मजुवाको ब्यस्त बजार क्षेत्रमा निगरानी तथा सुरक्षा व्यवस्थापन गर्नको लागि सी.सी क्यामेरा जडान गरी उक्त कार्यका लागि आवश्यक व्याकअपको व्यवस्थापन गरिएको।

८. गाउँपालिकाभित्रका सबै माध्यमिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान को कार्य गरिएको।

९. गाउँपालिकाको समग्र विवरण संकलन गर्न डिजिटल भिलेज प्रोफाईल (Digital Village Profile)निर्माण कार्य सम्पन्न गरी गाउँपालिकाको तथ्याङ्कीय विवरणलाई वेवसाईट मार्फत सार्वजनिक गर्ने कार्य अन्तिम चरणमा रहेको।

## ४. पञ्जीकरण व्यवस्थापन तथा स्थानीय तथ्याङ्क संकलनतर्फ

१. पुराना व्यक्तिगत घटनाका दर्ता किताव डिजिटाईज गरी तत्पश्चात् हुने व्यक्तिगत घटना दर्ता पूर्णरुपमा अनलाईन प्रणालीमार्फत गराउँदै लगिएको। हाल वडा नं. ४ र ८ बाट अनलाईन घटनादर्ता कार्यक्रम संचालन गरिएको।

२. सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा बैङ्किङ्ग प्रणालीमार्फत गर्ने कार्यलाई व्यवस्थित गराईएको।

३. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्तासम्बन्धी आवश्यक सुचनाहरु प्रवाह गर्ने विभिन्न संचार माध्यमहरु (रेडियो, पत्रपत्रिका, टेलिभिजन आदि) प्रयोग गरी सार्बजनिक सूचना मार्फत नागरीकहरुलाई शुसुचित गरिएको।

४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्नका लागि समय समयमा सम्बन्धित निकायबाट परामर्श लिदै नागरीकलाई छोटो समयमा आवश्यक सेवा प्रदान गरीदै आएको।

५. जनशक्तिलाई विकास गराउनको लागि सम्बन्धित कार्यक्षेत्रमा आवद्ध कर्मचारीहरुलाई आवश्यकताका आधारमा तालिम तथा सेमिनारहरुमा सहभागी गराई उनिहरुको कार्यक्षमतालाई बृद्दि गरिएको।

**<u>५. कानुनी मामिला/ न्यायिक समिति तथा कानुन तर्फ</u>**

१. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई न्यायिक कार्यसम्पादनका लागि सहयोगी हुने खालका तालिमहरु सञ्चालन गरिएको।

२. हरेक वडामा रहेका मेलमिलाप केन्द्रहरुमा आवश्यक पूर्वाधारको हस्तान्तरण तथा व्यवस्थापन कार्यक्रम संचालन गरी मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाउदै लगिएको।

३. न्यायिक समितिको सहज कार्यसम्पादनका लागि इजलास कक्षको व्यवस्थापन गरिएको।

४. न्यायिक समिति र मेलमिलाप केन्द्रको न्यायिक कार्य सम्पादनलाई तादत्य गराउन समिति र केन्द्रमा रहने न्यायीक कार्यमा क्रियाशिल व्यक्तिहरुलाई विभिन्न तालिम तथा अन्य व्यवस्थाहरु गर्दै आईएको।

५. कार्यालयबाट प्रदान गरीने सेवा प्रवाह तथा अन्य प्रशासनिक लगायतका काम कारवाहीलाई प्रभावकारी एवं समय सापेक्ष वनाउनका लागि आवश्यक कानून तर्जुमा तथा संशोधन गर्दै लगिएको।

६. कानूनको तर्जुमा प्रयोजनका लागि आवश्यकताका आधारमा विज्ञ तथा कानूनविद्हरुको राय परामर्श लिदै आईएको।

७. अन्य स्थानीय तहमा कानुनी क्षेत्रमा भएका असल अभ्यास तथा अन्य क्रियाकलापको अवलोकन गर्नका लागि समय समयमा अन्तर स्थानीय तहको अवलोकन गर्ने गरिएको।

८. न्यायीक क्षेत्रलाई थप व्यवस्थित गराउन सचिवालय कर्मचारी तथा उजुरी प्रशासकको व्यवस्था गरी कार्य सम्पादन हुदै आएको।

९. कार्यालयलाई आवश्यक पर्ने विभिन्न ५९ वटा ऐन नियम कार्यविधि तथा मापदण्डहरु निर्माण गरी पारित गरी कार्यान्वयनमा ल्याईएको।

**<u>६. अनुगमन तथा मूल्याङ्कन तर्फः</u>**

१. योजनाहरुको अनुगमन तथा मुल्याङ्कनलाई थप प्रभावकारी, बस्तुनिष्ठ र वैज्ञानिक बनाउनको लागि हरेक योजनाको गाउँपालिकाबाटै स्थलगत अवलोकन गर्ने गरिएको।

२. हरेक योजनाहरुको अनुगमन समितिबाट पास भएपछिमात्र भुक्तानी गर्ने गरिएको।प्रत्येक योजना संचालन गर्नकालागि गठनहुने समितिमा अनिवार्य रुपमा सम्बन्धित योजना अनुगमन समिति बनाउने गरिएको।

३. दीर्घकालीन महत्वका योजनाहरु तथा संघीय तथा एवं प्रदेश सरकारबाट संचालित योजनाहरुको अनुगमनमा स्थानीय राजनैतिकदलहरु तथा पत्रकारहरुलाई समेत योजना अनुगमनमा लैजाने र आवश्यक पृष्ठपोषण प्राप्त गर्ने गरिएको।

४. नागरीकको स्वास्थ्य र उपभोक्ताहरुको हितलाई मध्यनजर गर्दै गाउँपालिकाभित्रका बजारहरुको सरोकारवाला निकायहरुसँग समेत समन्वय गरी अनुगमन गर्ने गरिएको।

**अन्त्यमा**

यस चन्द्रकोट गाउँपालिकामा स्थानीयतहको निर्वाचन पश्चात् हामी जनप्रतिनिधिका रुपमा आएपछि विभिन्न कानुनहरुको अभाव स्थानीय तहको नयाँ संरचना तथा सिमित कर्मचारीहरुका बावजुत पनि सार्वजनिक सेवा प्रवाह तथा सुशासनको क्षेत्रमा भएको प्रगतिलाई उल्लेख्य नै मान्न सकिन्छ यद्दपी नागरीकको अधिकतम चाहना का विचमा सिमित श्रोत र साधनका कारण यसक्षेत्रमा अपेक्षाकृत उपलब्धी हासिल गर्न केहि कठिनाई भएता पनि सार्वजनिक सेवामा अधिकतम महत्व दिएर सुसासन प्रवर्धन गर्न लागि रहेका छौं। सार्वजनिक सेवा प्रवाह तथा शुसासन कायम राख्न साथै हाम्रो चन्द्रकोट राम्रो चन्द्रकोट बनाउन अत्यन्तै खटिने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, सभासदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी हरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा थप अव्वल चन्द्रकोट बनोस् भनि अपेक्षा व्यक्त गर्दछु।

टेकबहादुर पुन
संयोजक
सुशासन तथा संस्थागत विकास समिति

## २.६ सामाजिक विकास समितिको प्रतिवेदन

सभाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

सभा सचिव ज्यू,

तथा कर्मचारी बर्गहरु

चन्द्रकोट गाउँपालिका, गुल्मीको शासन व्यवस्थालाई थप जनमुखी, सेबामूखी तथा जनउत्तरदायी बनाउन र पारदर्शीता कायम गरी सुशासनको प्रत्याभूति दिलाउदै सार्वजनिक सेवा प्रवाहलाई चुस्त तुल्याउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँसभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न विभिन्न विषयगत समितिको गठन गर्न सक्ने प्रावधान अनुरुप यस गाउँपालिकामा गठित विभिन्न विषयगत समितिमध्ये एक सामाजिक विकास समितिको गठन गरिएको छ। चन्द्रकोट गाउँपालिका, गुल्मीको स्थापना भए पश्चात् सामाजिक विकासतर्फ हालसम्म भए गरेका मूख्य गतिविधि तथा प्रगतिलाई क्षेत्रगत रुपमा यो प्रतिवेदनमार्फत पेश गर्न चाहन्छु।

**स्वास्थ्यतर्फ**

१. शान्तिपुर स्वास्थ्य चौकीमा स्तरीय सेवा प्रदान गर्नको लागि मेडिकल अफिसरको व्यवस्था गरिएको।
२. स्वास्थ्य संस्थामा पुग्न एक घण्टाभन्दा बढी समय लाग्ने विकट वस्तीहरुमा स्वास्थ्य सामुदायिक इकाई गठन गरिएको।
३. संघीय सरकारको पालामा ४ वटा वर्थिङ्ग सेन्टर मात्र भएकोमा २ वटा थप गरी ६ वटा वर्थिङ्ग सेन्टर बनाइएको।
४. विरामीको उपचारको लागि सहज होस् भनी विशुखर्क, शान्तिपुर  र तुराङ्ग स्वास्थ्य चौकीमा ल्याव स्थापना गरिएको।
५. गर्भवती महिलालाई १००० दिनको महत्वको लागि ४ पटक गर्भ जाच्न आए वापत पोसिलो झोलाको व्यवस्थापनको साथै निःशुल्क एम्बुलेन्स सेवा, पि.एन.सी. जाँचको व्यवस्थापन गरिएको।
६. स्वास्थ्य आमा समूह तथा मासिक बैठकमा गएवापत महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सञ्चार खर्च र यातायात खर्चको व्यवस्थापन गरिएको।
७. शान्तिपुर स्वास्थ्य चौकीमा सादा एक्सरे मेसिन इ.सि.जि. मेसिन, यु.एस.इ. मेसिनको व्यवस्थापन गरिएको।

८. शान्तिपुर, तुराङ र हरेवामा वृहत स्वास्थ्य शिविर सञ्चालन गरिएको।

९. कोभिड १९ को विपदमा क्वारेन्टाइन, आइशुलेसन अस्थायी अस्पतालको व्यवस्थापन गरिएको।

१०. नेत्र ज्योति संघअन्तर्गत आँखा उपचार केन्द्र तथा नागरीक आरोग्य केन्द्रको स्थापना गरिएको।

११. औषधि खरिद तथा अन्य स्वास्थ्य सामग्री खरिद एवम् व्यवस्थापन गरिएको।

१२. विद्यालयका विद्यार्थीको निशुल्क आँखा जाँच गरी चश्मा वितरण गर्ने कार्य गरिएको।

१३. विद्यालय स्थास्थ्य शिक्षा तथा किशोरी शिक्षा कार्यक्रम संचालन गरिएको।

१४.जेष्ठ नागरीकहरुलाई समय समयमा घरमा नै गई निशुल्क स्वास्थ्य परीक्षण गरीदै आएको।

१५.घुम्ति स्वास्थ्य सिविर संचालन गरीदै आएको।

१६.कोभिड-१९ विरुद्धको खोप हालसम्म १२ वर्ष उमेर माथिका लागि खोपको पहिलो मात्रा ९५ प्रतिशतलाई र १८ वर्षदेखि माथिका उमेर समूहका नागरीकमध्ये खोपको दोस्रो मात्रा ६५ प्रतिशत नागरीकका लागि लगाइएको।

आगामी रणनीति

प्रत्येक वडामा स्वास्थ्यको पहुँच कम भएको ठाउँमा स्वास्थ्य इकाई स्थापनाको साथै वर्थिङ सेन्टरको स्थापना गर्ने, वर्थिङ्ग सेन्टरहरुमा गर्भवती महिलाको लागि बच्चा र आमाको अवस्था जानकारीको लागि USE मेशिन र ल्यावको स्थापना गर्ने साथै १५ बेडको अस्पताल बनाई स्वास्थ्य सेवा प्रदान गर्ने।

**शिक्षा, युवा तथा खेलकुदतर्फ**

१. गुणस्तरीय शिक्षाका लागि शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेटको व्यवस्था गरिएको।

२. प्रारम्भिक बालविकास शिक्षाको भौतिक तथा शैक्षिक पक्षलाई थप व्यवस्थित तथा स्तरोन्नति गरिएको। संघीय सरकारबाट अनुमति प्राप्त बाहेक गाउँपालिकाबाट विद्यालयमा आधारित १० तथा समुदायमा आधारित ५ गरी जम्मा १५ वटा थप बालविकास केन्द्रको स्थापनाको स्विकृति, कक्षा संचालन तथा व्यवस्थापन।साथै ३८ सामुदायिक विद्यालयमा केजी कक्षा संचालनको समेत अनुमति दिई गाउँपालिकाको आन्तरिक स्रोतबाट कक्षा व्यवस्थापनका निम्ति अनुदान दिने व्यवस्था गरिएको।

३. न्यून शिक्षक दरवन्दी भएका विद्यालय तथा अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्नका लागि विद्यार्थी संख्या तथा मौजुदा दरवन्दी संख्याको आधारमा शिक्षक व्यवस्थापन गर्न विद्यालय संचालन अनुदान प्रदान गरीदै आएको।

४. माध्यमिक तहका विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्यावको स्थापना गरिएको। हालसम्म ४ वटा माध्यमिक विद्यालयहरु सरस्वती मा.वि विशुखर्क, शारदा मा.वि. रुपाकोट, शारदा मा.वि. अर्जेवा र उदय मा.वि. शान्तिपुरमा विज्ञान प्रयोगशाला, ४ वटा माध्यमिक विद्यालयहरु जनता बालनिकेतन मा.वि., पिपलपाटा, हर्राचौर मा.वि. हर्राचौर, ग्वाघा मा.वि. ग्वाघा र ज्ञानोदय मा.वि. तुराङमा पुस्तकालय स्थापना, ४ वटा माध्यमिक विद्यालयहरु शारदा मा.वि.सराङ, ग्वाघा मा.वि. ग्वाघा, जनता बालनिकेतन मा.वि., पिपलपाटा र शारदा मा.वि. रूपाकोटमा ICT को स्थापनाको लागि अनुदान प्रदान गरिएको। साथै ६ वटा विद्यालयहरु भारती आधारभूत विद्यालय रेमी, ज्ञानोदय माध्यमिक विद्यालय तुराङ, सरस्वती माध्यमिक विद्यालय विशुखर्क, सरस्वती आधारभूत विद्यालय हर्राचौर, हिमालय आधारभूत विद्यालय ग्वाघा र बालकल्याण आधारभूत विद्यालय झुर्ममा वाससहितको शौचालय स्थापना गरिएको।

५. संघीय सशर्ततर्फबाट चार कोठे भवन एक वटा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) गुल्मीमार्फत चार कोठे भवन ७ वटा, तीन कोठे ट्रस चार वटा, दुई कोठे ट्रस दुई वटा, शौचालय दुई वटा निर्माण कार्य सम्पन्न भएको साथै लुम्बिनी प्रदेश सरकारमार्फत चार कोठे भवन दुई वटा, दुई कोठे भवन एउटा, दुई कोठे शौचालय एक वटा निर्माण कार्य सम्पन्न भएको।

६. प्रत्येक विद्यालयमा इ-हाजिरी, कम्प्युटर तथा फोटोकपी मेसिन व्यवस्था गरिएको। विद्यालयहरुमा इन्टरनेट जडान गरी प्रविधिमैत्री बनाइएको।

७. न्यून पारिश्रमिक भएका बालविकास सहजकर्ता, केजी शिक्षक, विद्यालय सहयोगी तथा विद्यालय सहायक कर्मचारीलाई गाउँपालिकाबाट समेत थप पारिश्रमिकको व्यवस्था गरिएको।

८. विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार एवम् सुधारमा विशेष ध्यान दिइएको।

९. शिक्षा सम्बन्धी कार्यलाई व्यवस्थित एवम् वैज्ञानिक बनाउन ऐन, नियमावली तथा कार्यविधि बनाइएको।

१०. आधारभूत तह (कक्षा ५ र ८) वार्षिक परीक्षाको सम्पूर्ण व्यवस्थापनका साथै अन्य कक्षाको त्रैमासिक तथा वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण तथा वितरणको व्यवस्थापन पालिकाबाट हुने व्यवस्था गरिएको।

११. प्रधानाध्यापकलाई थप उत्प्रेरित तथा जिम्मेवार बनाउन गाउँपालिकाबाट समेत थप प्रधानाध्यापक प्रोत्साहन भत्ताको व्यवस्था गरिएको।

१२. शैक्षिक सामग्री तथा शिक्षक डायरीसहित शिक्षक कक्षाकोठामा प्रवेश गर्न प्रत्येक शिक्षक तथा कर्मचारीलाई झोला वितरण गरी एक शिक्षक एक झोला कार्यक्रम कार्यान्वयन गरिएको।

१३.विद्यालय तहको राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयहरुलाई समेटी स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि मस्यौदा लेखन कार्य प्रक्रिया अगाडि बढाइएको।

१४. गाउँपालिकाका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पहिचान तथा एकरुपताका लागि शिक्षक कर्मचारी परिचय पत्र बनाउने कार्य अगाडि बढाइएको।

१५. मुलुकको समग्र शैक्षिक क्षेत्रमा शिक्षण पेशाका माध्यमबाट योगदान दिई चन्द्रकोट गाउँपालिका अन्तर्गतका विद्यालयबाट मिति २०७३ फागुन २७ गतेपछि अवकास प्राप्त शिक्षकहरुलाई शिक्षण पेशामा दिएको योगदानको उच्च कदर गर्दै सम्मानित गरिएको।

१६. कोभिड-१९ को कारण विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय संचालन नभएको अवस्थामा टोल समूह तथा सिकाइ केन्द्रमार्फत सिकाइ सहजीकरण , अनलाइन एवम् अफलाइनका विभिन्न माध्यमहरु तथा सियुजीमार्फत शिक्षण सिकाइका लागि सहजीकरण गरिएको।साथै अनलाइन भर्चुअल माध्यममार्फत विपदको सन्दर्भमा बालबालिकामा पर्ने मनोबैज्ञानिक असर न्यूनीकरणका लागि मनोसामाजिक परामर्श तालिम तथा अभिभावक शिक्षा अभिमूखीकरण कार्यक्रम संचालन गरिएको।

१७. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न विषयगत कार्यशाला तथा तालिम, लेखा व्यवस्थापन तालिम, मन्टेश्वरी तालिम, इमिस अद्यावधिक जस्ता तालिम प्रदान गरिएको।

१८. अभिभावक शिक्षा कार्यक्रम संचालन गरी अभिभावक सचेतिकरण गरिएको।

१९. करार शिक्षक तथा कर्मचारी नियुक्ति प्रक्रियालाई व्यवस्थित तथा पारदर्शी बनाइएको।

२०. खेलका माध्यमबाट योगदान दिने खेलाडीको मनोवल बढाउनका लागि खेलाडीहरुलाई सम्मानित गरिएको।

२१. खेल क्षेत्रको विकासको लागि इनडोर तथा आउटडोर खेलमैदानको निर्माण गरिएको।

आगामी रणनीति

बालबालिकामा शैक्षिक पहुँच र सहभागिता सुनिश्चितता गरी व्यावसायिक, प्रविधिमैत्री तथा व्यवहारिक शिक्षाको माध्यमबाट योग्य जनशक्तिको उत्पादन गर्ने साथै आधुनिक प्रविधिको प्रयोग गरी प्रविधिमैत्री पठनपाठनलाई प्रभावकारी बनाउने।

**महिला, बालबालिका तथा जेष्ठ नागरीकतर्फ**

१. लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा विभिन्न कार्यक्रम सहित अभियान प्रत्येक वर्ष मनाउने गरिएको।

२. अपाङ्गता भएका व्यक्तिहरुको हित तथा आवश्यक कार्य गर्नका लागि चन्द्रकोट गाउँपालिकामा अपाङ्गता समन्वय समिति गठन गरिएको। उक्त समितिले चन्द्रकोट गाउँपालिकाबाट अपाङ्गता परिचयपत्र वितरण तथा नवीकरण सम्बन्धी घुम्ती सेवा प्रदान गर्नका लागि बजेट विनियोजन गराई सो सम्बन्धी कार्य गर्दै आएको।

३. अपाङ्गता समन्वय समितिले घुम्ती सेवामा छुट भएका अपाङ्गता भएका व्यक्तिहरुलाई महिनाको १ दिन समन्वय समितिको बैठक बसी परिचयपत्र प्रदान गर्दै आइ रहेको।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमबाट रकम विनियोजन गरी आशा अपाङ्ग केन्द्र सँगको सहकार्यमा अपाङ्गता सहायता सामाग्री प्रदान गरिएको।

५. अन्तर्राष्ट्रिय अपाङ्ग दिवशको अवसरमा प्रत्येक वर्ष अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने गरिएको।

६. युवाहरुका लागि लोकसेवा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको।

७. नारी दिवसको अवसरमा प्रत्येक वडाहरुमा विभिन्न कार्यक्रम गरी मनाउने गरिएको।

८. चन्द्रकोट गाउँपालिका भित्रका महिला सहकारीहरुको सुदृढीकरणका लागि महिला सहकारीका महिलाहरुलाई सहकारी सञ्चालन, व्यवस्थापन लगाएतका विषयमा तालिम प्रदान गरिएको।

९. लैंगिक हिंसा तथा हिंसामा परेका महिलाहरुलाई सहयोग गर्नका लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको।

१०. आर्थिक वर्ष २०७७/०७८ मा ३९२ जना अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र प्रदान गरिएको र चालु आर्थिक वर्षमा अपाङ्गता परिचयपत्र नवीकरण गर्ने र नयाँ परिचयपत्र प्राप्त गर्ने गरी हाल सम्म २६६ जना अपाङ्गता भएका व्यक्तिहरुको सेवा प्रदान गरिएको।

११. जेष्ठ नागरीकहरुलाई सम्मान कार्यक्रम संचालन गरीदै आएको।

**अन्त्यमा,**

यस चन्द्रकोट गाउँपालिका अन्तर्गतका स्वास्थ्य, शिक्षf,युवा तथा खेलकुद, महिला, बालवालिका तथा जेष्ठ नागरीक लगायतका सामाजिक विकासअन्तर्गतका कार्य तथा प्रगतिमा सहयोग पुर्याउने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, सभासदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, शाखा प्रमुख तथा शाखाका कर्मचारीज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु तथा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने सम्वद्ध पक्षहरुलाई हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु साथै आगामी दिनमा थप प्रगति हासिल गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

नन्दराम अर्याल
संयोजक
सामाजिक विकास समिति

## २.७ भूमि व्यवस्था, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

सभाध्यक्ष ज्यू

सभा सदस्य ज्यूहरु

सभा सचिव ज्यू

तथा कर्मचारी वर्गहरु

चन्द्रकोट गाउँपालिका गुल्मीको शासन व्यवस्थालाई थप जनमुखी सेबामूखी तथा जनउत्तरदायी बनाउन र पारदर्शीता कायम गरी सुशासनको प्रत्याभूती दिलाउदै सार्वजनिक सेवा प्रवाहलाई चुस्त तुल्याउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँसभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थीत गर्न कुनै सदस्यको संयोजकत्वमा विभिन्न विषयगत समितिको गठन गर्न सक्ने प्रावधान अनुरुप यस गाउँपालिकामा पनि एक भूमि व्यवस्था, वातावरण तथा विपद् व्यवस्थापन समितिको गठन भई २०७४ सालको स्थानीय तह निर्वाचन पश्चात् हालसम्म चन्द्रकोट गाउँपालिका, गुल्मीमा भएका विभिन्न गतिविधिको तथ्य प्रमाणका आधारमा यो प्रतिवेदन पेश गर्न चाहन्छु।

**सवल पक्ष**

स्थानीय तहको निर्वाचन पछि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था भई केन्द्रिकृत राज्य संरचनाबाट विकेन्द्रिकृत संरचनामा पुगेको र जनताको नजिकको सरकारको रुपमा स्थापित भएको स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रलाई प्रभावकारी बनाउन र विपद् परेका नागरीकलाई राहत तथा अन्य व्यवस्था गर्न सिफारिस गराउनका लागी यस समितिको माध्यमबाट मार्गदर्शन प्रदान भैरहेको अवस्था छ। यस कार्यालयको वातावरण तथा विपद् व्यवस्थापन तर्फ बजारको फोहोर व्यवस्थापनको लागि प्रत्येक दिन शान्तिपुर बजार र मजुवा बजारको संकलन गरी गाउँपालिकाको फोहोर ल्यान्डफिल स्थलको व्यवस्थापन गरिएको छ यसका विकल्पमा मनसुन जन्य विपद् तथा प्राकृतिक प्रकोपहरु कोभिड-१९ जस्ता महामारीजन्य रोगलाई व्यवस्थित गरी रोकथाम नियन्त्रण गर्नको लागी प्रभावकारी संयन्त्र मार्फत काम गर्ने गरिएको छ । यस समितिबाट भए गरेका कार्यहरुको तपशिल बमोजिम रहेको छन् ।

- **फोहोरमैला व्यवस्थापन सम्बन्धमा :-**

शान्तिपुर बजार क्षेत्र र तुराङ्ग मजुवा बजार क्षेत्रको फोहोर व्यवस्थापनको लागी सामुदायिक वनसँग समन्वय गरी खसीमारे वनको निश्चित क्षेत्रमा (तोकिएको स्थानमा) फोहोरको उचित व्यवस्थापन गरिएको छ ।

पुराना तथा कवाडीजन्य सामानहरुको संकलन गरी उचित व्यवस्थापन गरिएको ।

- **वन वातावरण सम्बन्धमा;-**

यस चन्द्रकोट गाउँपालिका स्थापना भएदेखि हालसम्म सामुदायिक वनलाई नवीकरण तथा सामुदायिक वन दर्ता गर्ने प्रक्रिया अगाडी वडाईएको छ । साथै वडा नं. ६ मा २५० रोपनी खालि चौर क्षेत्रमा बृक्षरोपण गरिएको छ साथै वार्ड नं. ४ को टिमुरे क्षेत्रमा लगभग ४० रोपनी जग्गामा बृक्षरोपण गरिएको छ । यस कार्यमा प्रधान मन्त्रि रोजगार कार्यक्रमका सर्मिकहरुबाट सहयोग भएको । संरक्षणको सम्बन्धमा समेत सहभागीता रहेको छ । साथै वार्ड नं. ४ मा २ रोपनी निःशुल्क जग्गा प्राप्त गरी चन्द्रकोट गाउँपालिकाको सलगानीमा वन नर्सरी स्थापना गरी विरुवा उत्पादन गरिएको छ ।

- **भूमि व्यवस्थापन सम्बन्धमाः-**

चन्द्रकोट गाउँपालिकाको स्थापना कालदेखि हालसम्म चन्द्रकोट वार्ड नं. २ मा स्वास्थ्य चौकी भवन निर्माण गर्नको लागी ७ रोपनी जग्गा र सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्नको लागि ५ रोपनी जग्गा उपलब्ध गराइएको छ । वार्ड नं. ४ मा प्रशासनिक भवन निर्माणको लागी ९ रोपनी नेत्र ज्योति संघ र पशु सेवा शाखाको लागी २ रोपनी र रेमी सामुदायिक स्वास्थ्य इकाईका लागि २ रोपनी जग्गा उपलब्ध गराइएको छ। यसै गरी वार्ड नं. ५ को स्वास्थ्य चौकी निर्माणको लागी ५ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. ६ मा शान्तिपुर अस्पताल १५ बेडको लागी ९.५ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. ७ रुपाकोट स्वास्थ्य चौकी निर्माणको लागी ५ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. ८ पिपलपाटा सामुदायीक स्वास्थ्य इकाई भवन निर्माणको लागी ३ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. १ मा ५ रोपनी जग्गा उपलब्ध गराई भवन निर्माणको लागी प्रक्रिया अगाडी बढाउने क्रममा छ।

- **विपद् व्यवस्थापन सम्बन्धमा :-**

यस क्षेत्रमा संचालित कार्यक्रमहरुमा वडीघाट खोला तटबन्धको लागी वार्ड नं. ७ को सोता र वोटेगाउँ ३०० घ.मी. वार्ड नं. ८ को वडीघाट क्षेत्र ४५० घ.मी., वार्ड नं. ३ र ४ को भुग्दी र हुग्दी खोला क्षेत्रमा १५०० घ.मी. तटबन्ध गरिएको छ ।

विपद्मा परी घर परिवार बिहिन भएका यस गाउँपालिका अन्तर्गतका १३ घर धुरी परिवारलाई जनता आवाश अन्तर्गत घर निर्माण गरी हस्तान्तरण गरिएको छ । वार्ड नं. ८ मा ३ रोपनी जग्गा उपलब्ध गराई घरबार बिहिनलाई हस्तान्तरण गरिएको छ । मनसुनजन्य विपद् अन्तर्गत २६ घर धुरीलाई आवास निर्माणको लागी सम्झौता गरी आवास निर्माण कार्य अगाडी बडाइएको छ । यसै गरी यस गाउँपालिका

अन्तर्गतका प्रत्येक वडामा सामान्य क्षेती भएकोमा विपद्  समितिको निर्णय अनुसार सहयोग उपलब्ध गराइएको छ ।

**रणनीतिः-**

यस गाउँपालिकाले फोहोर व्यवस्थापनमा कुहुने र नकुहुने फोहोरलाई छुटाएर कुहुनेलाई कम्पोस्ट मल बनाई किसानहरुलाई वितरण गर्ने र नकुहुने लाई उचित व्यवस्थापन गरीनेछ ।

यस चन्द्रको गाउँपालिकामा रहेका खाली चौरहरुमा बृक्षरोपण गरी वन जङ्गललाई हराभरा गराई सामुदायिक वनमा हस्तान्तरण गर्ने नीति लिइएको छ ।

गाउँपालिका भित्र निर्माण गर्ने भवनहरुलाई जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने नीति लिइएको छ ।

विपद् व्यवस्थापनका लागी आवश्यकता अनुसार विपद् व्यवस्थापन समितिको निर्णय अनुसार व्यवस्थापन गरीने नीति लिइएको छ ।

गोकर्ण प्रसाद शर्मा
संयोजक
भूमि व्यवस्था, वातावरण तथा विपद् व्यवस्थापन समिति

## २.७ विधायन समितिको प्रतिवेदन

१.१ विषय प्रवेश

नेपालीहरुको अथक प्रयास, सशस्त्र संघर्ष तथा वलिदानको फलस्वरुप लामो समयदेखि प्रयोगमा आएको केन्द्रीकृत एकात्मक शासन व्यवस्थाबाट सङ्घीय शासन व्यवस्थामा गई सङ्घीय शासन व्यवस्थाको अभ्यास समेत भएको करिव पाँच वर्ष हुन लागेको छ। नेपालको विद्यमान संविधान (२०७८ साल असोज ३ गते जारी) ले नेपालमा तीन तहको सरकारको परिकल्पना गरेको छ। जहाँ ७६१ वटा सरकारद्वारा शासनको अभ्यास भैरहेको छ। त्यस मध्ये चन्द्रकोट गाउँपालिका ७५३ वटा स्थानीय सरकार मध्ये एक सरकार हो।

